का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ असोज २०८१,
शनिबार
5 October, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक २३५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com


# विपद्सँगै महामारीको जोखिम

बाढी र पहिरोले संक्रमण बनाउन सक्ने फोहोर बगाएर ल्याउने र ठाउँ-ठाउँमा पानी जम्ने हुनाले पानीजन्य रोगहरु झाडापखाला, हैजा तथा किटजन्य रोग डेंगु, मलेरिया आदिको संक्रमण बढ्न सक्छ ।



पानी पर्न रोकिए पनि महामारीको जोखिम छ। पानी तथा किटजन्य रोगहरू बढ्नसक्ने जोखिम भएकाले सबै सरोकारवालालाई उच्च सतर्कता अपनाउन र नागरिकहरूलाई कुनै महामारीको लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गरिएको छ।

**डा. प्रकाश बुढाथोकी**
**प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं १८, असोज ।

अविरल वर्षाका कारण प्राकृतिक विपत्तिसँगै स्वास्थ्य महामारीको जोखिम बढेको छ । बाढी, पहिरो र डुबानपछि स्वास्थ्य महामारीको जोखिम बढेको सरकारी अधिकारीहरू नै बताउँछन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार सतर्कताका लागि अपिल गरिएको छ ।

'पानी पर्न रोकिए पनि महामारीको जोखिम छ । पानी तथा किटजन्य रोगहरू बढ्नसक्ने जोखिम भएकाले सबै सरोकारवालालाई उच्च सतर्कता अपनाउन र नागरिकहरूलाई कुनै महामारीको लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गरिएको छ' उनले विज्ञप्ति निकालेर भनेका छन् ।

बाढीपहिरोका कारण पानीका मुहान प्रदूषित हुने र पानी तथा किटजन्य रोग बढ्ने सम्भावना रहन्छ । सरूवा रोग विशेषज्ञ डा शेरबहादुर पुनका अनुसार पानीजन्य रोगहरू झाडापखाला, हैजा तथा किटजन्य रोग डेंगु, मलेरिया आदिको सङ्क्रमण बढ्नसक्ने हुन्छ ।

उनका अनुसार पानीजन्य रोगहरु झाडापखाला, हैजाको जोखिम बढेको छ । हैजा पूर्णरुपले हटिसकेको छैन । उनले मनसुनको समयमा किटजन्य रोगको जोखिम बढी हुने बताए ।

बाढी र पहिरोले सङ्क्रमण बनाउन सक्ने फोहोर बगाएर ल्याउने र ठाउँ-ठाउँमा पानी जम्ने हुनाले डेंगु, मलेरियाजस्ता रोगको जोखिम बढ्न सक्ने चिकित्सकहरू बताउँछन् । पृष्ठ २ मा

## गमगढी–नाक्चेनाङ्ला सडक

# दुई दशकदेखि बनेको बन्यै

**प्रेमराज कार्की/मध्यान्ह**
मुगु, १८ असोज ।

गमगढी नाक्चेनाङ्ला सडक खण्ड मुगु जिल्लाको मात्र नभई सिंगो कर्णाली प्रदेशकै लाईफ लाइनका रूपमा रहेको छ । तर, समयमै निर्माण नहुदाँ यसले लाभ दिन सकिरहेको छैन ।

गमगढी नाक्चेनाङ्ला सबैभन्दा छोटो नाका भए पनि सरकारले वर्षौंदेखि बेवास्ता गरिरहेको छ । गमगढी-नाक्चेलाग्ना सडक ८५ किलोमीटर को छ । यो सडक संघीय सरकारको मातहतमा भएर पनि संघीय सरकारले प्राथमिकतामा नराख्नु कर्णाली प्रदेशकै दुर्भाग्य भएको स्थानीयको भनाइ



छ । यो सडक आयोजनाको आर्थिक वर्ष २०६२/६३ मा विस्तृत सर्भे भएको थियो । गमगढी-नाक्चेलाग्ना सडक अठार वर्षमा सत्र किलोमिटर ट्र्याक खोलिएको छ । गमगढी-नाक्चेलाग्ना सडक संघिय सरकारको उच्च प्राथकितामा नपरेको र आवश्यक मात्रामा बजेट विनियोजन नगरिँदा सडक निर्माणको काममा ढिलो भएको हो ।

सडक निर्माणकार्य सुस्त हुँदा स्थानीयको वर्षौंदेखिको गाडी चढ्ने सपना अझै पूरा हुन सकेको छैन । सडक नबन्दा मुगुमकार्मारोङ गाउँपालिकाका स्थानीयलाई खाद्यान्न र दैनिक उपभोग्य सामान खरिद गर्न दुई, तीन दिन पैदल पृष्ठ २ मा

### सामग्री ढुवानी गर्न खच्चडकै भर

मुगुमकार्मारोङ गाउँपालिका सडक सञ्जालसँग नजोडिँदा करान भेगका बस्तीमा खाद्यान्न ढुवानीका लागि खच्चडकै भर पर्नुपर्ने बाध्यता छ ।

मुगुमकार्मारोङ गाउँपालिका ९ छायलसम्म सडक जोडिएको भएपनि माथिल्लो करान भेगमा सडक सञ्जाल जोडिएको छैन । सडक नहुँदा मुगुमकार्मारोङ गाउँपालिकाबासी सामग्री ढुवानीको लागि खच्चडको प्रयोग गर्नुपर्ने बाध्यता छ।

ढुवानीको विकल्पमा खच्चडको भर पर्नुपरेको स्थानीयको भनाइ छ। खाद्यान्न ढुवानी लगायत अन्य सामग्री ढुवानीको विकल्पमा कि त स्थानीय आफैंले बोकेर लैजानुपर्ने कि खच्चडकै भर पर्नुपर्ने अवस्था रहेको स्थानीय पेमा लामाले बताए।

मुगुमकार्मारोङ गाउँपालिकामा विकास निमार्णका काम बालुवा, सिमेन्ट र खाद्यान्न सामग्री बोकाएर ल्याउने लैजान खच्चडको पयोग गर्ने पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मध्यपूर्वको बढ्दो तनावले वैदेशिक रोजगारमा रहेकाहरु प्रभावित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असोज

मध्यपूर्वमा तीव्ररुपमा बढ्दो तनावको बीचमा एशिया-प्रशान्त राष्ट्रहरुले वैदेशिक रोजगारीमा रहेका आफ्ना हजारौं नागरिक र अन्य बासिन्दाहरुलाई इजरायल र लेबनानबाट बाहिर निकाल्न हतार गरिरहेका छन् । उनीहरुले युद्धका कारण विमानस्थल नै क्षतिग्रस्त भइ भविष्यमा उद्धार कठिनाइ हुने आंकलन गर्दै हतार गरेका हुन् ।

आफ्ना नागरिक फर्काउन ढिलाइ भएमा यसअघि कोरोना अवधिमा जस्तो समस्या सिर्जना हुने कतिपयको आंकलन छ । कोरोनाको अवधिमा कतिपय आप्रवासी कामदार आफूले पाउनुपर्ने तलब सुविधा छोडेर हतार हतारमा स्वदेश फर्किनुपरेको थियो । रुस-युक्रेन युद्ध चलिरहेको बेला मध्यपूर्वमा देखिएको तनावले समस्या लम्बिने आंकलन गरिएको छ । शुक्रबार एशियाली शेयर बजारमा पनि ठूलो गिरावट आएको छ ।

फिलिपिन्स, इन्डोनेसिया, दक्षिण कोरिया र अष्ट्रेलिया जस्ता देशका अधिकारीहरुले लेबनानको बेरुत एयरपोर्ट खुला रहँदा आफ्ना मानिसहरुलाई घर ल्याउन चार्टर्ड उडानहरु शुरुवात गरेको बताएका छन् । दक्षिण कोरियाले आफ्ना नागरिकहरुलाई छिटो स्वदेश फर्काउन सैन्य विमान तैनाथ गरेको छ ।

इजरायल र इरानका साथै तेहरान समर्थित मिलिशिया हिजबुल्लाह र हमासबीच झडप तीव्र बन्दै गएपछि आफ्ना नागरिक फस्ने चिन्ताले उनीहरु जतिसक्दो छिटो उद्धारको तयारीमा जुटेका हुन् । इजरायलले मध्य बेरुतमा गरेको बम आक्रमणमा कम्तीमा ६ जनाको मृत्यु भएको छ ।

फिलिपिन्स सरकारले लेबनानबाट स्वदेश फिर्ता हुन खोजेका ११ हजारमध्ये १ हजार २ सय भन्दा बढीका लागि उडानहरु चार्टर गर्ने बताएको छ । पृष्ठ २ मा

### मलेसियामा शिशुको हत्या गरेको आरोपमा एक नेपाली पक्राउ

**मलेसिया/मस–** मलेसियामा नवजात बच्चालाई नदी किनारमा फालेको आरोपमा एक नेपाली युवक पक्राउ परेका छन् । मलेसियाको पेराकस्थित ताइपिङको सिम्पाङ लारुतमा बिहीबार नदी किनारमा नवजात शिशुको शव फेला परेको थियो ।

त्यसपछि भएको अनुसन्धानमा एक ३४ वर्षीय नेपाली कामदारलाई प्रहरीले पक्राउ गरेको मलेसियाको सरकारी सञ्चारमाध्यम बेर्नामाले उल्लेख गरेको छ । पक्राउ पर्ने नेपाली युवकको नाम गोप्य राखिएको छ ।

नेपाली तथा कम्बोडियाली युवतीले अस्पतालमा बच्चा जन्माएको, तर बच्चा घर नलगी दुवै जना मिलेर बच्चालाई नदी किनारमा फालेको प्रहरीले दाबी गरेको छ । उनीहरुले मृत बच्चा जन्मेका पृष्ठ २ मा

# महिला प्रधानाध्यापकले फेरेको विद्यालय

अभिभावक र शिक्षकबीच मासिक छलफल हुन्छ । यसले विद्यालयलाई शिक्षाको पिठका रूपमा विकास गर्न मद्दत पुगेको छ । अभिभावक विश्वस्त भएसँगै विद्यार्थीको संख्या बढेको छ भने शैक्षिक गुणस्तरमा समेत वृद्धि भएको छ ।



विद्यालयलाई परिवर्तन गर्न सक्षम हुनुपर्छ । शिक्षण पेशा केबल जागिर होइन, समुदायको लागि एक जिम्मेवारी हो ।

**शर्मिला रावल शाही**
**प्रधानाध्यापक**
**इन्द्रज्योति माध्यामिक विद्यालय**
**जाजरकोट**

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १८ असोज

नेतृत्वमा महिलाले अवसर पाएको ठाउँमा सकारात्मक परिवर्तन भएका उदाहरण प्रशस्तै भेटिन्छन् । यस्तै एक उदाहरण बनेको छ - जाजरकोटको शिवालय गाउँपालिका-६ थालारैकरको इन्द्रज्योति माध्यामिक विद्यालय ।

२०१२ सालमा स्थापित इन्द्रज्योति माध्यमिक विद्यालयले ७० वर्षको लामो इतिहासमा पहिलो पटक महिला प्रधानाध्यापक पाएको छ । महिला प्रअ हुनुअघि त्यहाँका स्थानीयहरू आफ्ना सन्तानको भविष्य राम्रो नरहेको भनेर विद्यालयको आलोचनाहरू गर्थे । स्कुलमा न उचित कक्षा, न कोठा थिए, न भवन । पैसा हुनेले आफ्नो छोराछोरीहरूलाई पढाउन सुर्खेत, नेपालगञ्ज, कोहलपुर, काठमाडौं लगायत विभिन्न ठाउँमा पठाउँथे । आर्थिक हैसियत कमजोर भएकाहरू मात्रै इन्द्रज्योतिमा पठाउँथे । शिक्षकहरूको नियमित उपस्थिति नहुँदा विद्यालयको स्तर समेत खस्किएको थियो ।

विद्यालयका शिक्षकहरू नियमित विद्यालयमा उपस्थित नहुने, उपस्थित भएपनि नियमित नपढाउने प्रबृत्ति थियो । पढ्नलाई विद्यालय आएका विद्यार्थीहरू कोही घाम ताप्दै बस्थे, कोही एक आपसमा गफ गर्दै बस्थे त कोही विद्यालय नजिकैका पसलहरूमा हुन्थे ।

तर, जब इन्द्रज्योति माविले २०८० फागुन २८ गते महिला प्रअ पायो, तब विद्यालयमा सकारात्मक सुधार आउन थाले । पहिलो पटक महिला प्रअ शर्मिला रावल (शाही) नियुक्त भएपछि विद्यालयले मुहार फेरिएको विद्यार्थी तथा कर्मचारीको भनाइ छ । (शाही) को नियुक्तिले विद्यालयको शैक्षिक र भौतिक अवस्थालाई परिवर्तन गर्न सफल भएको विद्यालयका शिक्षक सहान्त बहादुर बुढाले बताए । रावलको नेतृत्वमा विद्यालयले नयाँ दिशा पाएको उनको भनाइ छ । पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१९ असोज २०८१, शनिबार
5 October 2024, Saturday

# बाढी पहिरोबाट बढी प्रभावित पालिका संकटग्रस्त घोषणा

**काठमाडौं/मस–** सरकारले अविरल वर्षाका कारण बाढी, पहिरो तथा डुबानबाट प्रभावित पालिकाहरूलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ।

शुक्रबारको मन्त्रिपरिषद् बैठकले बाढी पहिरोबाट प्रभावित १४ जिल्लाका ४३ वटा पालिकाहरू संकटग्रस्त क्षेत्रका रूपमा घोषणा गर्ने निर्णय गरेको हो। राहत तथा पुनर्स्थापनाको कामलाई तीव्रता दिन बाढीपहिरो प्रभावित क्षेत्रलाई संकटग्रस्त घोषणा गरिएको बताइएको छ। गत शुक्रबार र शनिबार (असोज ११ र १२ गते) को अविरल वर्षाले देशका विभिन्न भागमा ठूलो जनधनको क्षति पुगेको छ। २ सय ३९ जनाको मृत्यु भएको छ। १९ अझै बेपत्ता छन्। सयौं परिवार घरवारविहीन हुन पुगेका छन्। उक्त विपदबाट २५ अर्बभन्दा बढीको भौतिक क्षति भएको जनाइएको छ।



विपद् जोखिम न्यूनीनकरण तथा व्यवस्थापन कार्यकारी समितिले पछिल्लो विपद्बाट प्रभावित पालिकालाई संकटग्रस्त क्षेत्र घोषणा गर्न सरकारलाई सिफारिस गरेको थियो। गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको बैठकले उक्त सिफारिस गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा.डिजन भट्टराईले जानकारी दिए। प्राधिकरणले ताप्लेजुङ, काभ्रे, पाँचथर, काठमाडौं, संखुवासभा, ललितपुर, सोलुखुम्बु, भक्तपुर, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक र धादिङका बढी पालिका प्रभावित भएको जनाएको छ।

# अपराध न्यूनीकरणमा समुदायको भूमिका महत्वपूर्ण : प्रजिअ शाही



**मध्यान्ह संवाददाता**
जुम्ला, १८ असोज

जुम्लाका प्रमुख जिल्ला अधिकारी राम बहादुर शाहीले अपराध न्यूनीकरणमा समुदायको भूमिका महत्वपूर्ण हुने बताएका छन्।

भर्खरै जुम्लाको ४५ औं प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हालेका शाहीले शुक्रबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा यस्तो बताएका हुन्।

जुम्लाको शान्ति सुरक्षा कायम गर्न र अपराध नियन्त्रण तथा दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउन नागरिकको सहयोग बिना सम्भव नहुने उनले बताए। उनले आफ्नो कार्यकालमा सुशासन कायम गरी जवाफदेहिताका साथ पारदर्शी ढंगले काम काम गर्ने प्रतिबद्धता व्यक्त गरे। पत्रकारले उठाएका सवाल र सुझावलाई सम्बोधन गर्दै गाउँबस्तीसम्म पुगेर लागुऔषध जस्ता आपराधिक गतिविधि नियन्त्रण गर्नका लागि सचेतनाका कार्यक्रम गर्ने बताए। आउँदै गरेको दशैंलाई मध्येनजर गर्दै नागरिकको शान्ति सुरक्षालाई मजबुँद बनाउन कुनै पनि कसुर बाँकी नराख्ने बताए। प्रजिअ शाहीले चार्डपर्वलाई लक्षित गरी सुरक्षा योजना बनाएको बताए। त्यस्तै जुम्लाका पत्रकार हरुले जुम्लामा बढ्दो क्रममा रहेको लागुऔषध, बालश्रम, महिला तथा बालवालिका सवाल, कालोबजारी, नक्कली प्रहरी लगायतका विषयमा प्रश्न राखेका थिए।

# पत्रकार दर्नालको 'माया पनि बिटुलो' पुस्तक लोकार्पण

**काठमाडौं/मस–** लेखक तथा पत्रकार सुशील दर्नालद्धारा लिखित 'माया पनि बिटुलो' नामक पुस्तक लोकार्पण गरिएको छ। दर्नालले लेखेको सो पुस्तक सभामुख देवराज घिमिरेले सार्वजनिक गरेका हुन्। पुस्तकमा विशेष गरी दलित समुदायको उत्पत्ति, इतिहास र सो समुदायको पुर्ख्यौली पेशा, यो समुदायले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछुतको समस्या, दलित समुदायको आर्थिक राजनीतिक समस्या, दलित र गैरदलितबीच हुने अन्तरजातीय विवाह, अन्तरजातीय प्रेम सम्बन्ध र जातीय कारणले प्रेम सम्बन्ध वा विवाहमा आउने समस्याको बारेमा विस्तृत रुपमा लेखिएको छ। त्यसैगरी दलित समुदायभित्र पनि गन्धर्व समुदायको अवस्था, जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयनको अवस्था,



दलित समुदायले पाउँदै आएको आरक्षण, अन्तरजातीय प्रेम सम्बन्ध र जातीयताकै कारण सफल हुन नसकेको पेम कथा, सार्क मुलुकमा दलित समुदायभित्र पनि दलित महिलाले भोग्नु परेको समस्या, अछुत भएर बाँच्नुपर्ने दलित समुदायको पिडा, बादी महिला र उनीहरुको संघर्षको कथा/व्यथालाई पुस्तकमा समावेश गरिएको दर्नालले बताए।

त्यसैगरी इतिहास रच्ने दलित नेपाली महिला, संसदमा दलित प्रतिनिधित्वको अवस्था, निजामति सेवामा दलित महिलाको अवस्था, दलितका लागि समावेशीकरण, अन्तर्राष्ट्रिय जातीय तथा रंगभेद उन्मूलन, दलित समुदायको अधिकारका लागि युवा सम्मेलन र त्यसले पारेको प्रभाव र दलित समुदायका सांसदसँगको अन्तरवार्तालाई समावेश गरिएको लेखक दर्नालले बताए।

विगत डेढ दशकदेखि (रासस) मा समाचार समिति पत्रकारितामा सक्रिय पत्रकार दर्नालको 'माया पनि बिटुलो' दोस्रो पुस्तक हो। पूर्वाञ्चल विश्वविद्यालयबाट आमसञ्चार तथा पत्रकारितामा 'गोल्ड मेडल' प्राप्त उनले यसअघि 'राससमा दलित समुदायको प्रतिनिधित्व र विषयवस्तु' नामक अनुसन्धान मूलक पुस्तक प्रकाशन गरिसकेका छन्।

# सडकका खाल्डाखुल्डी पुर्दै सन्धिखर्क नगरपालिका

**सरु भुसाल/मध्यान्ह**
सन्धिखर्क, १८ असोज

जिल्लाको सन्धिखर्क नगरपालिकाले चाडपर्वको समयमा मानिसलाई आवतजावतमा सहजताका लागि खाल्डाखुल्डी पुर्न शुरु गरेको छ।

नगरपालिकाले खाल्डाखुल्डी र हिलाम्मे भएर आवतजावतमा समस्या भएका सडक मर्मत गरिरहेको जनाएको छ।

सन्धिखर्क नगरपालिका वडा नम्बर १ को शान्ति बगैंचा हुँदै मिडियाचोक, हललाइन पुलचोक, चुत्रबेसी पेट्रोल पम्प, क्याम्पस रोड, इसाराटोल मसाल बजार, भगवती टोल लगायत बजारका मुख्य ठाउँहरुमा वर्षातका कारण बिग्रिएका सडकहरु सशस्त्र प्रहरीको सहयोगमा खाल्डाखुल्डी र हिलोका कारण नागरिकलाई आवतजावतमा समस्या भएपछि उनीहरुले नगरपालिकामा गुनासो गरेपछि सडकका खाल्डाखुल्डी पुर्न शुरु गरिएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए।



नगरपालिकामा गुनासो आएलगत्तै सन्धिखर्कका टोल टोलमा सडक मर्मत भएपछि सहज भएको स्थानीय अशोक पौडेलले बताए। 'अविरल वर्षाका कारण बाटोबाट आवतजावतमा समस्या भयो, नगरपालिका गएर गुनासो गर्‍यौं, लगत्तै नगरपालिकाको टिप्पर, ट्याक्टरसहित एपीएफको टोली आएर बाटोमा खाल्डाखुल्डीमा ग्राभेल हालेर बनायो। अहिले सहज भएको छ,' सन्धिखर्कका स्थानीय प्रेमनारायण आचार्यले भने। उनले थपे, 'गुनासो गर्ने बित्तिकै सुनुवाइ भयो, यसरी नागरिकका समस्या समाधान गर्न नगरपालिका अगाडि बढेको छ, यस्तो गर्न आवश्यक भएको छ।'

वर्षातका समयमा बिग्रेका सन्धिखर्क नगरपालिकाका विभिन्न ग्रामीण सडकहरुमा समेत ढल निर्माणदेखि सडक निर्माण बिग्रेका ठाउँमा बाटो मर्मत गर्ने काम नगरपालिका वडा कार्यालयले गरिरहेको सन्धिखर्क नगरपालिका वडा नम्वर ३ का अध्यक्ष जमसेर मियाले बताए।

# बालिका बलात्कारको आरोपमा पक्राउ

**सपना बोहरा/मध्यान्ह**
दाङ, १८ असोज

दाङको देउखुरीमा बालिकालाई बलात्कार गरेको आरोपमा एक जना पक्राउ परेका छन्। एघार वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा राजपुर गाउँपालिका, २ का ४१ वर्षीय धर्मराज यादवलाई प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँमा रहेको दुर्गा सामुदायिक वनमा दाउरा लिन जाने क्रममा बालिकालाई आफ्नो घरको कोठामा लगेर जवरजस्ती करणी गरेको आरोपमा ईलाका प्रहरी कार्यालय गढवामा उजुरी परेको हो। उजुरीको आधारमा शुक्रबार प्रकाउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायव उपरीक्षक ईश्वर थापाले जानकारी दिए। पक्राउ परेका यादवमाथि थप अनुसन्धान भइरहेको थापाले जानकारी दिए।

# सामाजिक अभियन्ता गुरुङलाई विशेष नागरिक अवार्ड

**काठमाडौं/मस–** समाजसेवाको क्षेत्रमा ठूलो योगदान पुर्‍याउँदै आएका अभियन्ता प्रविण गुरुङ 'विशेष नागरिक अवार्ड'बाट विभूषित भएका छन्। बिहीबार काठमाडौंको प्रज्ञा भवनमा आयोजित 'सामाजिक रुपान्तरणका लागि नागरिक समाज'को '१८औं वार्षिकोत्सव'को अवसरमा 'विशेष नागरिक अवार्ड तथा स्रष्टा सम्मान'मा उनलाई कार्यक्रमका प्रमुख अतिथि एवं संघीय संसद्का उपसभामुख इन्दिरा रानामगर र आयोजक संस्था नागरिक समाजका अध्यक्ष यमबहादुर जिसीले उक्त अवार्ड प्रदान गरेका हुन्।

'सामाजिक रुपान्तरणका लागि नागरिक समाजको १८औं वार्षिकोत्सवको अवसरमा राष्ट्रव्यापीरुपमा आयोजना गरिएको प्रतिस्पार्धामक प्रतियोगितामा तपाईंलाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी निर्णायक समितिको निर्णयअनुसार राष्ट्रिय विशेष नागरिक पुरस्कार-२०८१ प्रदान गरिएको छ' गुरुङलाई प्राप्त सम्मानपत्रमा भनिएको छ- 'सामाजिक रुपान्तरणका लागि तपाईंले आफ्नो क्षेत्रबाट पुर्‍याउनुभएको अमूल्य योगदानको



हामी उच्च कदर गर्दै उत्तरोत्तर प्रगतिसहित उज्ज्वल भविष्यको कामना गर्दछौं।'

उसो त पछिल्लो पटक गुरुङलाई केही दिनअघि पनि साँस्कृतिक कलाकर्मी संघले सम्मान गरेको थियो। उनलाई संविधान दिवसको अवसरमा असोज ३ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री शंकर भण्डारी, विशिष्ट अतिथि एवं नेपाल ट्रेड युनियन काँग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवर र आयोजक संस्था नेपाल साँस्कृतिक कलाकर्मी संघका अध्यक्ष उदिराम खड्काले सम्मान गरेका हुन्।

'तपाईंले समाजसेवाको क्षेत्रमा गर्नुभएको अतुलनिय योगदानको उच्च सम्मान गर्दछौं। कोभिड-१९ महामारीको जस्तो अवस्थामा कुवेतमा रहेका नेपाली गर्भवती, सुत्केरी महिलासाथै अवैधानिक रुपमा रहेका करिव ३५ सय महिलाहरूलाई कुवेत सरकारसँग समन्वय गरी निःशुल्क स्वदेश पठाउने काम आफैंमा महान छ' भण्डारी, कुँवर र खड्काद्धारा हस्ताक्षरित गुरुङलाई प्राप्त सम्मानपत्रमा उल्लेख गरिएको छ, 'कतारमा कोभिड-१९ कै बिचमा कामबाट बेरोजगार बनाइएका ५६५ जना नेपालीलाई नेपाल सरकारसँग समन्वय गरी नेपाल पठाउन सफल तपाईंले यूएइबाट समेत कोभिड-१९ कै समयमा ८५ जना गरी खाडी मुलुकहरूबाट तपाईं गैरआवासिय नेपाली संघ कतारको अध्यक्ष रहेको कार्यकाल अवधिमा करिव ५० हजार नेपालीको उद्धार गर्नुभएको महान सामाजिक सेवा भावको उच्च कदर गर्दै नेपाल साँस्कृतिक कलाकर्मी संघद्धारा आयोजित सम्मान तथा शुभकामना साँस्कृतिक साँझ-२०८१ को अवसरमा तपाईंको सुस्वास्थ्य एवं दीर्घ जीवनको कामनासहित यो सम्मानपत्रद्धारा सम्मान गर्दछौं।'

## विपद्सँगै...

चिकित्सकहरूका अनुसार स्क्रब टाइफसको पनि समस्या पनि छ। समयमै उद्धार नपाएकाहरुलाई बाहिर बस्नुपर्ने हुनसक्छ, रुघाखोकी सर्नसक्ने सम्भावना रहन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थाहरूले उद्धार गरिएका घाइतेको निःशुल्क उपचार गर्न आग्रह गरेको छ। उद्धार गरिएकालाई स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवा र जनशक्तिलाई २४ सै घण्टा उपलब्ध हुनेगरी व्यवस्था मिलाइएको छ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले उद्धार गरिएका घाइतेको स्वास्थ्य संस्थाहरूले निःशुल्क उपचार गर्ने र उपचारको रेकर्ड राखेर पछि सोधभर्ना गरिने व्यवस्था गरेको जानकारी दिए। उनका अनुसार मन्त्रालयले जनस्वास्थ्यको सुरक्षा व्यवस्थापनका लागि स्थानीय जिल्ला स्वास्थ्य कार्यालय, प्रदेशस्थित सम्बन्धित निकायमार्फत स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रहरूले समन्वयको व्यवस्था गरिरहेको छ।

मन्त्रालयले सबै प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रहरूले आपतकालीन अवस्थामा स्वास्थ्यसम्बन्धी समस्याबारे जानकारी प्रदान गर्न हटलाइन नम्बर सार्वजनिक गर्न, प्रदेश, जिल्ला र स्थानीय तहका द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राख्ने, प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रहरूले हब तथा स्याटेलाइट अस्पतालसँग समन्वय गरी आकस्मिक चिकित्सिकीय समूहलाई तयारी अवस्था राख्न आग्रह गरेको छ।

हब तथा स्याटेलाइट अस्पताल सञ्जालले अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार प्रतिकार्य गर्न गराउन, प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रहरूले स्वास्थ्यका साझेदार निकायसँग समन्वय गर्न र स्रोत साधनको अध्यावधिक गर्न/गराउन, आपतकालीन अवस्थामा स्वास्थ्यसम्बन्धी कुनै समस्याबारे जानकारी आवश्यक परेमा कल सेन्टरको हटलाइन नम्बर १११५ मा सम्पर्क गर्न मन्त्रलायले भनेको छ।

आपतकालीन अवस्थामा स्वास्थ्य संस्था जानुपरेमा तालिम प्राप्त एम्बुलेन्स चालक र स्वास्थ्यकर्मी सहितको एम्बुलेन्सको हटलाइन नम्बर १०२ मा सम्पर्क गर्नसमेत सरकारले अनुरोध गरेको छ।

## दुई...

हिँड्नुपर्ने बाध्यता छ। नेपालका उत्तरी नाकासँग जोडिएका नाकामध्ये सबैभन्दा छोटो नाकाका रूपमा रहेको यस नाक्चेलाग्ना नाका सडक सञ्जालमा जोडिएको खण्डमा मुगुमात्र नभएर सिंगो कर्णाली प्रदेशलाई नै फाइदा पुग्ने विश्वास गरिएको भएपनी सडक समयमै नबन्दा नागरिकले समस्या खेपेकै छन।

कर्णाली प्रदेशको सम्भावना बोकेको सडक ओझलमा परेको मुगुमकार्मारोङ गाउँपालिका अध्यक्ष छिरिङ्ग क्याप्ने लामा बताउँछन्। उनी भन्छन 'मुगुमकार्मारोङ गाउँपालिका ८ माग्री डाँडाको भिर कडा चट्टान फोडन बजेट माग गरिएको छ। तर, सुनुवाइ भएको छैन।'

गमगढी नाक्चेनाङ्ला सडकको लागि संघ सरकारले गत बर्ष ८० लाख बजेट विनियोजत गरेको भएपनी सरकार फेरबदलले रकम निकासा नभएको र काम रोकिएको जनाइएको छ।

मुगुमकार्मारोङ गाउँपालिकामा बिकास नहुनु मुख्य सडकको पहुँच नभएर समस्या भएको छ। भौतिक पुर्वधार बिकास निमार्णको लागत भन्दा ढुवानीमा बजेट बढि खर्च हुने गरेकाले सोचे अनुरुप बिकास निमार्णका काम गर्न असहज भएको छ।

गत बर्षको बजेटमा कर्णाली प्रदेश सरकारको ढुङेधारा देखि लामासिम सम्म ६ किलोमिटर सडक खनिएको छ। यो आर्थिक बर्षमा लामासिम बाट पालिकाको मुख्य केन्द्र पुलु सम्म सडक जोडिने अध्यक्ष लामाले बताए।

## मध्यपूर्वको

तर लेबनानमा विष्फोटका कारण उडान रद्द वा डाइभर्ट गर्न खोजिएको छ भने इजरायल र लेबनानका लागि उडानहरु रद्द गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन्। लेबनानको बेरुत एयरपोर्ट बन्द हुने सम्भावनाका कारण लेबनानबाट जमिन र समुद्रबाट बाहिर निस्कने विकल्पहरु खोजी भइरहेको छ।

मध्यपूर्व र लेबनानमा आप्रवासी कामदारहरुलाई कसरी सुरक्षित स्थानमा लैजान सकिन्छ भन्नेबारे थप सहयोग उपलब्ध गराउन तयारी भइरहेको राष्ट्रसंघले बताएको छ। इन्डोनेसियाले पनि लेबनानबाट आफ्ना नागरिकहरुलाई बाहिर निकाल्न थालेको छ। बेरुतमा रहेको इन्डोनेसियाको दूतावासले अगष्टदेखि कम्तीमा २५ इन्डोनेसियालीहरुलाई फिर्ता पठाएको छ।

इन्डोनेसियाली दूतावासले प्रत्येक इन्डोनेसियालीसँग आ-आफ्नो क्षेत्रमा सम्पर्क राख्न आग्रह गरेको छ। लेबनानमा संयुक्त राष्ट्र अन्तरिम बलको एक भागको रुपमा इन्डोनेसियाका करिब १ हजार सैन्य कर्मचारीहरु पनि छन्।

दक्षिण कोरियाले मध्यपूर्वबाट आफ्ना नागरिकहरुलाई बाहिर निकाल्न सैन्य विमान पठाइसकेको र अन्तर्राष्ट्रिय समुदायसँग नजिकको सहयोगको आवश्यकतामा जोड दिएको छ। दक्षिण कोरियाले यसअघि सन् २०२३ मा इजरायल र सुडानबाट आफ्ना नागरिकहरुलाई फिर्ता ल्याउन सैन्य विमान प्रयोग गरेको थियो।

यसैबीच थाई प्रधानमन्त्री प्यातोङटार्न सिनावात्राले तेल अवीभस्थित दूतावासलाई इजरायलमा जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्ने थाई नागरिकहरुलाई आवश्यक परेमा पूर्णरुपमा स्वदेश फर्किन आग्रह गरेका छन्। विश्वभरका सरकारहरुले आफ्ना नागरिकहरुलाई धेरै ढिलो हुनुअघि नै लेबनान छोड्न आग्रह गरेका छन्। नेपाली दूतावासले भने उद्धारका बारेमा केही नबताएपनि सुरक्षितरुपमा बस्न दुबै इजरायल र लेबनानमा रहेका नेपालीहरुलाई आग्रह गरेको छ।

## सामग्री...

गरिएको छ। उकालो, ओरालो, भीरको बाटो हिँड्नुपर्ने हुन्छ, कतिपय ठाउँमा भीरमा खच्चड खसेर मर्ने गरेको उनले बताए।

मुगुमकार्मारोङ गाउँपालिका सडक सञ्जालमा नजोडिएपछि त्यस गाउँपालिकाका स्थानीयहरुलाई जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता छ। मुगुमकार्मारोङ गाउँपालिकाबासी र काम विशेषले मुगुमकार्मारोङ गाउँपालिका पुग्नुपर्ने नागरिकलाई जोखिम मोलेर यात्रा गनुपर्ने बाध्यता छ।

कर्णाली गोरेटो बाटो अग्ला काला पथ्थर जस्ता डाँडाले घेरीएको मुगुमकार्मारोङ गाउँपालिका पुग्नै ज्यान जोखिम राखेर हिँड्नुको बिकल्प छैन। बर्षातको समयमा पहिरोले सडक गोरेटो बाटो अबरुद्ध हुने माथिबाट पहिरो ढुंगा खस्ने जोखिम पनि मुगुमकार्मारोङ गाउँपालिका पुग्ने बाटोमा उत्तिकै छ।

साघुंरो बाटो उकाली, ओरालीले गर्दा कति खेर के हुन सक्ने भन्दै कर्मचारी, नागरिक जोखिम मोलेर यात्रा गर्न बाध्य भएका नेपाल पत्रकार महांसघका अध्यक्ष नृपेन्द्र बहादुर मल्लले बताए।

मुगुमकार्मारोङ गाउँपालिकामा सडक सञ्जालमा नजोँडिदा यात्रामा जोखिम छ। मुगुमकार्मारोङ गाउँपालिका ८ माग्री डाँडामा कडा चट्टानले गर्दा झनै यात्रा जोखिमा छ। साघुरो बाटमा यात्रा गर्दा डर लाग्ने उत्तिकै छ।

## महिला...

विद्यालयमा हालै दुई वटा नयाँ भवन र अन्य सुविधाजनक संरचनाहरू जस्तै, खेल मैदान, पुस्तकालय र शौचालय निर्माण भएका छन्। विद्यालयमा अहिले दुई सय ५० भन्दा बढी विद्यार्थी खुसीसाथ अध्ययनरत छन्।

शर्मिला रावलले विद्यालयलाई राजनीतिक थलोको सट्टा शिक्षाको पिठाका रूपमा पुनर्स्थापित गरेकी छन्। उनले विद्यालय सञ्चालनमा आमूल परिवर्तन ल्याउने लक्ष्यका साथ काम गर्न थालेकी छिन्। अभिभावक र शिक्षकबीच नियमित छलफलका लागि मासिक बैठकहरू आयोजना गरिएका छन्। रावलले सबैलाई मिलाएर काम गर्नुपर्ने आवश्यकता र पारदर्शिताको महत्वलाई औंल्याउँदै शिक्षकीय नेतृत्वलाई सशक्त बनाएकी छन्।

उनको आत्मविश्वास र प्रतिबद्धताले विद्यालयको स्थिति सुधार्नमा महत्वपूर्ण भूमिका खेलेको अभिभावकको भनाइ छ। उनी भन्छिन्, 'विद्यालयलाई परिवर्तन गर्न सक्षम हुनुपर्छ। यो केवल सरकारी जागिर होइन, समुदायको लागि एक जिम्मेवारी हो।'

महिलाले नेतृत्व लिएपछि विद्यालयको काँचुली फेरिएको र भौतिक तथा शैक्षिक सुधारमा केही उल्लेखनीय देखिएको छ

विद्यालयमा सुधार आएपछि वद्यार्थीको संख्या पनि बढिरहेको छ। पहिले विद्यालयलाई राजनीतिक थलो बनेको हुँदा विद्यालय निकैपछि परेको थियो। तर शर्मिला प्रअ भइसकेपछि उनले राजनीतिक थलो होइन शिक्षाको पिठाका रूपमा लिएकी छिन्। विद्यालयमा यसले विद्यार्थी आकर्षण बढाएको हो।

स्कुलभित्रै खानेपानी, छात्रा र छात्रको छुट्टाछुट्टै शौचालय, पुस्तकालय, व्यवस्थित विज्ञान ल्याब, कम्प्युटर ल्याब र अतिरिक्त क्रियाकलापले विद्यार्थी र अभिभावकको चाहना नै इन्द्रज्योति मावि बनेकोमा उनी गर्व गर्छिन्।

अविभावकहरू पनि खुसी छन्। 'महिला प्रअले नानी बाबुहरूलाई आफ्ना छोराछोर ीसरह गरी समय दिन्छन्, संवेदनशील भएर सबै पक्षको ख्याल राख्छिन्' विद्यालयका अभिभावक सुरेन्द्र खत्रीले भने, 'त्यही भएर इन्द्र ज्योति मावि राम्ररी चलिरहेको छ।'

इमानदार हेडसर भए जुनसुकै स्कुल राम्रो हुन सक्ने उदाहरण इन्द्र ज्योति माविले देखाएको अर्का अभिभावक प्रेम नेपालीले बताए। हाल दुई सय बढी विद्यार्थी इन्द्र ज्योति माविमा अध्ययनरत हुनु रावलको मुख्य योगदान रहेको उनले बताए।

## मलेसियामा...

कारण फालिदिएको दाबी गरेका छन्। प्रहरीले दुबै जनाविरुद्ध नवजात बच्चाको हत्या अभियोगमा मुद्दा चलाउन अनुसन्धान शुरु गरिएको बताएको छ।


युएईमा रोजगार
कम्पनी : HABEEB AL NOOR TECHNICAL SERVICES L.L.C
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०६/१८
चलानी नं.: ६०२२६२५७
L.T. No.: 311870

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 6 | 0 | स. काममा दक्ष | 900 | ३२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २६ गते (12 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

EQUATOR INTERNATIONAL (P.) Ltd. LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

QATAR मा रोजगार
कम्पनी: AL SAKHRA TRADING CONTRACTING & SERVICES
शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०६/१८
चलानी नं.: ६०२२६२५६
L.T. No.: 311826

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |


अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २६ गते (12 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
Contact No.: +977 9745268376, +977 14378842

# दैवी प्रकोप उद्धार कोषमा एकैदिन साढे तीन करोड हस्तान्तरण



**काठमाडौं/मस-** प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा शुक्रबार एकैदिन तीन करोड रुपैयाँभन्दा बढी रकम हस्तान्तरण भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीलाई सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेटेर विभिन्न सरकारी र निजी क्षेत्रका वित्तीय संस्थाका अध्यक्ष एवम् प्रमुख कार्यकारी अधिकृतले शुक्रबार आफ्नो संस्थागत सहयोगको चेक हस्तान्तरण गरेका हुन् ।

कोषमा कृषि विकास बैंकबाट एक करोड ५० लाख, नागरिक लगानी कोषबाट ५१ लाख, एसबिआइ बैंकबाट २५ लाख, लाइफ इन्स्योरेन्स कर्पोरेशनबाट ३१ लाख, नेपाल पूर्वाधार विकास बैंकबाट २५ लाख, ओरियन्टल इन्स्योरेन्सबाट १५ लाख, सिमेक्स इन्क प्रालि (बिवाइडी) कम्पनीबाट ५१ लाख रुपैयाँ रकम हस्तान्तरण भएको हो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले धन्यवाद दिँदै बाढी, पहिरो र डुबानका कारण भएको ठुलो धनजनको क्षति भएकाले प्राप्त सहयोगबाट राहत वितरणमा योगदान पुग्ने विश्वास व्यक्त गरे । उनले किसानहरुको पाकिसकेको बालीसमेत प्रभावित भएकाले त्यसको विस्तृत विवरण आउन बाँकी रहेको बताए । मन्त्रिपरिषद्को गत सोमबारको बैठकले उक्त कोषमा प्रारम्भिकरुपमा रु एक अर्ब रकम जम्मा गर्ने निर्णय गरेको थियो । कोषमा अन्य संस्था र व्यक्तिहरुबाट पनि सहयोगको क्रम जारी रहेको छ ।

# बाढी प्रभावित क्षेत्रमा एमालेका युवा विद्यार्थीको सरसफाइ अभियान

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, १८ असोज



नेकपा एमाले युवा विद्यार्थी विशेष जिल्ला कमिटीले ललितपुर जिल्लाको नख्खु क्षेत्रमा सरसफाइ अभियान चलाएको छ । 'जनताको पीडामा सँगसँगै एमाले' भन्ने अभियानअन्तर्गत बाढी प्रभावित क्षेत्रमा बिहीबारबाट सरसफाइ अभियान चलाइएको हो ।

अभियानमा रामजी सापकोटा नेतृत्वको स्वयंसेवकहरुले बिहीबार र शुक्रबार बाढी प्रभावित ललितपुरको नख्खु क्षेत्रमा सरसफाइ गरेका छन् ।

ललितपुर महानगरपालिका वडा न १८ को आदिनाथ टोल मार्ग बागमती नख्खु दोभानमा सरसफाइ गरिएको हो । २ वटा समूह बनाएर सरसफाइ कार्य जारी राखिएको युवा विद्यार्थी विशेष जिल्ला कमिटी इन्चार्ज तथा एमालेका केन्द्रीय सदस्य रमेशकुमार पौडेलले बताए ।

पार्टी केन्द्रको निर्देशनबमोजिम जिल्ला अध्यक्ष रामजी सापकोटाको नेतृत्वमा स्वयंसेवक टोली खटाइएको पौडेलले बताए । टोलीमा एमाले केन्द्रीय सदस्य रमेश पौडेल, उपत्यका प्रदेश अध्यक्ष प्रेम पराजुली र युवा नेता अभिषेक गुप्तालगायत ललितपुर इलाका कमिटीका युवा विद्यार्थीहरू सहभागी थिए । स्वयंसेवक टोलीले घरधनीहरूको अनुरोधमा बाढीले पुरिएका सामानहरू निकाल्ने, घर सफा गर्ने र घरका भग्नावशेषहरू हटाउने काम गरेको छ । गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण सो क्षेत्र बाढी आएको थियो ।

# मृतक चिन्तारामको परिवारलाई अमेरिकाबाट सहयोग



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १८ असोज

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नं ३ स्यानीदह निवासी चिन्ताराम केसीको परिवारलाई अमेरिकाबाट सहयोग प्राप्त भएको छ ।

चिन्तारामको मलेसियामा भदौ ४ गते मृत्यु भएको थियो । चिन्तारामको मृत्युपछि आम्दानीको स्रोत नै बन्द भएका कारण उनको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेको छ । सोही अवस्थालाई मध्यनजर गर्दै स्यानीदह घर भएर हाल अमेरिकामा बस्ने अभिराज ओली र धर्मराज ओलीले आर्थिक सहयोग अभियान सञ्चालन गरेका थिए ।

आर्थिक अभियानबाट ११ लाख ८ हजार ८ सय ५५ रुपैयाँ उठाएर मृतक चिन्तारामकी श्रीमती विमला केसी र आमा बुबालाई हस्तान्तरण गरिएको छ । सहयोग हस्तान्तरण कार्यक्रमको नेकपा माओवादी केन्द्र बाँफिकोटका अध्यक्ष चन्द्रबहादुर केसीले सहजीकरण गरेका थिए । रकम हस्तान्तरण कार्यक्रममा वडा नं ३ का अध्यक्ष तिलवीर केसी, नेकपा माओवादी केन्द्र वडा नं.३ का अध्यक्ष लालबहादुर ओली, नेकपा माओवादी केन्द्रका नेता बेगम देवकोटालगायतको सहभागिता रहेको थियो ।

# 'कसैको दबाब र प्रभावमा नपरी निष्पक्ष काम गर्नुहोस्'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ असोज




अर्घाखाँचीका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक (डीएसपी) चक्रबहादुर मल्लले जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गराउन आफु र मातहतका प्रहरी संगठन कटिबद्ध भएर लागिपर्ने बताएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालय विशेष ब्यूरो उपत्यका अपराध महाशाखा काठमाडौंबाट सरुवा भएर अर्घाखाँची आएका मल्लले अर्घाखाँची जिल्लामा हुने आपराधिक गतिविधि, लागुऔषध नियन्त्रण चोरी, तस्करी, लुटपाट, जुवातास लगायतका घटनाहरुलाई न्यूनीकरण गरी शान्ति सुरक्षा कायम गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिए । यसअघिका प्रहरी प्रमुख डिएसपी प्रतीत सिंह राठौरको काठमाडौं उपत्यका प्रहरी गणमा सरुवा भएपछि उनको ठाउँमा सरुवा भएर आएका मल्लले प्रहरी कर्मचारीहरुलाई निर्देशन दिँदै यस्तो बताएका हुन् ।

जिल्ला प्रहरी कार्यालयमै भएको प्रहरी कर्मचारीहरुसँग परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रममा उनले आफु जिल्लामा आएर यहाँको समग्र अवस्थाबारे प्रारम्भिक अध्ययन गर्दा सुरक्षाको दृष्टिकोणले समेत अन्य पहाडी जिल्ला भन्दा अर्घाखाँची जिल्ला शान्त रहेको भएपनि देखिने गरी काम गर्ने प्रतिबद्धता जनाए ।

उनले कुनै पनि काम दबाब प्रभावमा नपरी गर्न निर्देशन दिए । उनले अर्घाखाँची जिल्लाको आपराधिक गतिविधिहरुको अध्ययन गर्ने क्रममा लागुऔषध चोरी निकासी लगायतका घटनाहरु हुने गरेको भन्दै तत्काल एक्सनमा आएर काम गर्ने बताए ।

'मैले रिजल्ट सकारात्मक आउने गरी काम गर्छु, विगतको भन्दा शान्ति सुरक्षाको अवस्थामा केही परिवर्तन जनताले पाउनुपर्छ' उनले भने । विभिन्न जिल्ला जोड्ने सीमानाकामा हुने आपराधिक गतिविधिलाई नियन्त्रण गर्न सीमा सुरक्षा बैठकमा कुरा गर्ने तथा सीमा क्षेत्रका जिल्लाका सुरक्षाकर्मीसँग मिलेर अरापध न्यूनीकरण गर्ने बताए । चाडपर्वको बेलामा यात्रुहरुलाई कुनै समस्या नपरोस् भन्ने उद्देश्यले प्रहरीले यात्रु सहायता कक्ष सञ्चालन गरेको बताउँदै सिट क्षमता भन्दा बढी सवारी साधनले यात्रु बोकेको पाइएमा तत्काल कारबाही गर्न निर्देशन दिए ।

जिल्ला सदरमुकाम क्षेत्र लगायत अन्य होटेलहरुमा हुने अनैतिक किसिमका गतिविधिलाई पूर्णरुपमा नियन्त्रण गर्ने उनले बताए । यि काम गर्नका लागि प्रहरी एक्लैले नसक्ने हुँदा समुदायको समेत साथ रहनुपर्ने उनको भनाइ छ । प्रहरी अधिकारीलाई निर्देशन दिने क्रममा उनले जिल्लाका कुनै पनि स्थानमा केही घटना भए वा गतिविधिहरु भएमा तत्काल एक्सनमा जान निर्देशन दिए ।

त्यस्तै जिल्लास्थित आफुलगायत प्रहरी कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारी कटिबद्ध भएर बहन गर्ने भन्दै उनले अहिले प्रहरीले गरिरहेको भन्दा छुट्टै संयन्त्र बनाएर नागरिकको जनधनको रक्षासँगै शान्ति सुरक्षा कायम गराउने तयारी भइरहेको बताए । जिल्लामा पछिल्लो समय युवाहरु लागुऔषधतिर जान नदिन युवा जमातलाई सम्झाइ बुझाई गर्ने, नमाने मुद्दा दर्ता गरेर कारबाही गर्ने उनले दाबी गरे । प्रहरी नायब उपरीक्षक मल्ललाई जिल्लाको शान्ति सुरक्षाका बारेमा प्रहरी अधिकृतहरुले जानकारी गराएका थिए ।

# बलान बिहुल-३ को कार्यालय भवन उद्घाटन

**घुरन यादव/मध्यान्ह**
सप्तरी, १८ असोज



सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं. ३ को कार्यालय भवन उद्घाटन गरिएको छ ।

लामो समयदेखि भाँडाको घरमा सञ्चालन भइरहेको यस वडाको नवनिर्मित भवन शुक्रबार एक कार्यक्रमबीच बलान बिहुल गाउँपालिका वडा नं. ३ मौवाहामा उद्घाटन गरिएको हो ।

राष्ट्रिय योजना आयोगको ४० लाख र बलान बिहुल गाउँपालिकाको २६ लाख गरी ६६ लाखको लगानीमा वडा कार्यालय निर्माण सम्पन्न भइ उद्घाटन भएसँगै कार्यालय सञ्चालनमा आएको छ ।

बलान बिहुल गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष राजकिशोर यादब(बब्लु)को अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका प्रमुख खेमचन्द्र यादवको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिको रुपमा गाउँपालिका उपप्रमुख रेणु यादव, त्यसैगरी अतिथिको रुपमा वडा नं. ३ का वडाध्यक्ष राम कुमार यादव, कार्यपालिका सदस्यहरु सन्तोष कुमार साह, संजिव शर्मा, वडा सदस्यहरु अमलादेवी यादव, राम बचन मण्डल, राजलाल साह, सशस्त्र प्रहरी निरीक्षक सनत कुमार राई, नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक संजय झा, नगर प्रहरी प्रमुख पशुपति यादव, असइ सन्तोष कुमार यादव, इन्जिनियर दिनेश कुमार यादव, जसपाका नेता हरी राम, युवा नेता घनश्याम मण्डल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन वडा कार्यालयका कर्मचारी धिरज झाले गरेका थिए ।

# वन्यजन्तुहरुको भिडियो सार्वजनिक गर्दै सकियो प्रकृति संरक्षणसम्बन्धी गोष्ठी



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १८ असोज

उदयपुरमा विभिन्न सामुदायिक वनमा लगाइएका ट्र्यापिङ्ग क्यामेरामा कैद भएका विभिन्न प्रजातिका वन्यजन्तुहरुका तस्बीर भिडियोमार्फत सार्वजनिक गर्नुका साथै प्रकृति संरक्षणबारे एक दिने गोष्ठीसम्पन्न भएको छ । मानव,वन्यजन्तु र प्राकृतिक बनस्पती बीचको सहअस्तित्व कायम गरी बाचौं र बचाऔं भन्ने मूल नाराका साथ एनसी एससीको सहयोगमा त्रियुगा नगरपालिका-५ देउरी अन्तर्गत रहेको सरस्वती सामुदायिक वनले गोष्ठीको आयोजना गरेको हो ।

कार्यक्रममा विभिन्न प्रजातिका वन्यजन्तुहरुका तस्बिर भिडियोमार्फत सार्वजनिक गर्नुका साथै प्रकृति तथा बनजंगल संरक्षणका सवालहरुमा गहन छलफल गर्नु साथै प्रकृति, बनजंगल, प्राणी जलजमिन एक आपसमा अन्तरसम्बन्धित रहेको सन्देशमूलक भिडियो सार्वजनिक गरिएको थियो ।

त्रियुगा नगरपालिकाको मेयर बसन्त कुमार बस्नेतले जनसंख्या वृद्धिसँगै वनजंगल मासिँदै गएको र वनजंगल मासिनाले जंगली वन्यजन्तु पनि नासिँदै गएको बताए । मेयर बस्नेतले वनजंगल, वन्यजन्तु संरक्षणका लागि सरोकारवाला निकाय आमनागरिक लाग्नुपर्नेमा जोड दिए ।

बस्नेतले वनजंगल, वन्यजन्तु, संरक्षणसँगै जलवायु परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्नुका साथै आर्थिक विकासमा टेवा पुग्ने बताए । सरस्वती सामुदायिक वनका अध्यक्ष दिपक बान्तवाले मानव, वन्यजन्तु, प्रकृति बनजंगल जल, जमिन संरक्षणमा सबै सरोकारवाला निकाय एकजुट भएर लाग्नुपर्ने बताए ।

बान्तवाले प्रकृति, मानवप्राणी एक अर्काको परिपूरक रहनुका साथै जीवनको अन्तरसम्बन्धित पाटो रहेको बताए । उनले आम नागरिकका स्वास्थ्यका हिसाबले रासायनिक मलको प्रयोगको सट्टा वनजंगलको पतकर झारपात पशुपंक्षीको मल प्रयोग गर्न सुझाए ।

जिल्लाको वनजंगल र वन्यजन्तु संरक्षणका लागि सरस्वती,राजदेवी,गणेश,इन्द्रावती,गैरी,शिवशक्ति,झोरा, सन्याशी,अम्बिका लगायत १३ वटा सामुदायिक बनमा लगाइको ट्र्यापिङ्ग भिडियो क्यामेराले सो अन्तर्गतका सामुदायिक वनका विभिन्न १८ प्रजातिका स्तनधारी वन्यजन्तु वन बिरालो,चितुवा,सानो नीर बिरालो,ठूलो नीर बिरालो, गाजले नीर बिरालो,चरी बाघ,नील गाई बदेल, पाटेभालु,रतुवा लगायत देखिनुका साथै दुम्सी, सरिसृप अन्तर्गत गोहोरो लगायत देखाइएको थियो ।

# सडक दुर्घटना न्यूनीकरण गर्न जुम्ला प्रहरीको सचेतना कार्यक्रम



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १८ असोज

सडक दुर्घटना न्यूनीकरण गर्न जिल्ला प्रहरी कार्यालय जुम्लाले ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरेको छ । चाडपर्वलाई मध्येजनर गर्दै नजिकिँदै गरेको दशैंमा सडक दुर्घटना न्यूनीकरण र चोरी डकैती रोक्नका लागि सचेतनामूलक कार्यक्रम आयोजना गरेको हो ।

जुम्ला प्रहरीले पर्चा, पम्पलेट वितरण गर्ने, चालकलाई सिटबेल्ट बाँध्ने लगायत कार्य अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी नायव उपरीक्षक छेदीलाल कामतीले जानकारी दिए । उनका अनुसार चार्डपर्वको बाहनामा मादकपदार्थ सेवन गरेर सवारी साधन नचलाउन, सडक लेन अनुशासन पालना गराउन, हेल्मेटको प्रयोग गरी मोटरसाइकल तोकिएको सीमित गतिमा चलाउनका लागि चालक लगायत आम नागरिकलाई सचेतना दिइएको छ ।

कामतीका अनुसार तीव्र गतिले जनधनको क्षति हुने भएकाले यसबारे चालकलाई सचेत पार्नका लागि प्रहरीलाई भीडभाड हुने क्षेत्र र सम्भावित दुर्घटना हुने क्षेत्रमा परिचालन समेत गरिने भएको छ ।

त्यस्तै जुम्ला प्रहरीले आफ्नो घर, पसल तथा धनमाल चोरी हुनबाट जोगाउन सावधानी अपनाउनुपर्ने बताएको छ । आफ्नो घरको सुरक्षाको लागि सीसी क्यामेरा, रातको समयमा घर वरपर पर्याप्त उज्यालोको व्यवस्था मिलाउने तथा सम्भव भएसम्म कुकुर पाल्ने, घर बाहिर जाँदा वा राति सुत्दा मुख्य गेट तथा झ्याल ढोका राम्ररी बन्द गर्ने, घरमा धेरै नगद तथा गरगहना नराख्ने, लामो समयसम्मका लागि बाहिर जानुपर्दा विश्वासिलो व्यक्ति अथवा प्रहरीलाई जानकारी गराउनुपर्ने, घरमा काम गर्ने वा भाडामा बस्ने व्यक्तिहरूको फोटो र स्थायी, अस्थायी ठेगाना सम्पर्क नम्बर आफुले राख्ने,घरमा कोही अपरिचित व्यक्ति आएमा एकिन नगरी घरभित्र प्रवेश नगराउन प्रहरीले जनाएको छ ।

यस्तै प्रहरीले एक औपचारिक कार्यक्रमको आयोजना गरी आफ्नो घर तथा पसलमा चोरीका घटना भएको अवस्थामा तत्काल प्रहरीलाई खबर गर्न आग्रह समेत गरेको छ । यसका लागि ट्राफिक प्रहरी ९८५८३२०२१३, जि.प्र.का. जुम्ला ९८५८३९०११३ मा सम्पर्क गर्न आग्रह गरिएको छ । जुम्लाका प्रमुख जिल्ला अधिकारी राम बहामदुर शाहीले सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढाउने, सवारी साधन चलाउँदा सिट बेल्ट अनिर्वायरूपमा चालकले बाँध्ने, सवारी साधनमा यात्रुलाई झुन्ड्याएर नचढाउने लगायत कार्य रोक्नका लागि प्रहरीले कार्य अगाडि बढाएको बताए । उनले ट्राफिक नियमको उल्लंघन गर्दै अटेरी गरेर सवारीसाधन चलाउनेलाई नियमानुसार कारबाही गरी जरिवाना तिराउने कार्यलाई समेत तदारुकताका साथ अगाडि बढाइने बताए । उनका अनुसार आम नागरिकको शन्ति सुरक्षालाई मध्यनजर गर्दै सडकमै ट्राफिक सचेतना कार्यक्रम गरिएको हो ।

# शारदीय काव्य उत्सव सम्पन्न



काठमाडौं/मस- कौसला लामिछानेको गजल संग्रह मनोभाव सार्वजनिकीकरण तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानका अध्यक्ष आर.एम. डंगोलको अध्यक्षतामा भएको कार्यक्रममा प्रा.डा. जगमान गुरुङको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा वरिष्ठ साहित्यकार भागिरथी श्रेष्ठ र कौशला स्मृति कोषका अध्यक्ष श्रीहरी फुयाँलका साथै टानका अध्यक्ष पर्यटन व्यवसायी सागर पाण्डेको विशिष्ट आतिथ्यता रहेको थियो ।

काठमाडौंको सिनामंगलस्थित एपेक्स बिजनेस होटलमा भएको उक्त कार्यक्रमा २५ जना अतिथि कविहरुले आफ्नो सिर्जना वाचन गरेका थिए । कार्यक्रममा पूर्व झापादेखि पश्चिम दार्चुला र तराईको सर्लाहीदेखि उत्तर सोलुखुम्बुका साथै देशका विभिन्न जिल्लाबाट कविहरुलाई आमन्त्रण गरिएको थियो ।

अत्यन्तै रोचक बनेको कार्यक्रमको सञ्चालन संस्थाको सचिव लक्ष्मी रुम्वाले गरेकी थिइन् । संस्थाका महासचिव राजेन्द्र घिमिरे सागरले स्वागत मन्तव्य र उपाध्यक्ष राजेन्द्रमान डंगोलले धन्यवाद ज्ञापन मन्तब्य राखेका थिए ।

सो अवसरमा नवनिर्वाचित टानका अध्यक्ष सागर पाण्डेलाई सम्मान गरिएको थियो । उक्त कार्यक्रममा हरिकृष्ण धिताल, गणेशबाबु अधिकारी, कल्पना भुषाल, पवन मिश्र, छबिरमण सिल्वाल, राजेन्द्रप्रसाद भट्ट, रेणु अधिकारी मौनता, सुशिला पौडेल, सुनिल अधिकारी, निलन्जना भारद्वाज लगायत २५ जना सर्जकले सृजना वाचन गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि प्रा.डा.जगमान गुरुङले दशैंको सामाजिक,धार्मिक,आर्थिक विषयमा प्रस्टाएका थिए ।

## घुमफिर

कैलाश मानसरोवर यात्रा

# कष्टपूर्ण परिक्रमा गैरजिम्मेवार एजेन्सी

हिन्दु धार्मिक ग्रन्थ अर्थात् चर्चित पुराण 'श्री स्वस्थानी' व्रत कथामा हिमालय पर्वत कैलाश र मानसरोवरबारे विभिन्न सन्दर्भमा रोमाञ्चक कथा सामग्री प्रस्तुत गरिएको छ । हिन्दु धर्मावलम्बीका आराध्यदेव भगवान् महादेव र देवी पार्वती, पुत्रहरू श्रीगणेश र कार्तिकेयको बासस्थानका रूपमा कैलाश पर्वतलाई लिएको पाइन्छ । मानसरोवरलाई महादेवले हंशरूप धारण गरी जल विहार गरेको लगायतका कथा 'श्री स्वस्थानी' व्रत कथामा उल्लेख छ । हिन्दु धार्मिक कहावतअनुसार देवताहरूले मानसरोवरमा स्नान गरेर मात्रै कैलाशमा महादेवको दर्शन गर्थे रे ! त्यसैले पनि कैलाश अनि मानसरोवरको महिमा हिन्दु, बौद्ध, जैन, सिख, ॐकार लगायतका धार्मिक अनुयायीले गाउने/पछ्याउने गरेको पाइन्छ ।

हुनत सामाजिक सञ्जालमा कैलाश मानसरोवरको दर्शन गराउने प्रलोभनयुक्त विज्ञापन छरपस्ट देखिन्छन् । व्यावसायिकरूपमा गरिएका त्यस्ता विज्ञापनले कैलाशको दर्शन सहज लाग्छ । व्यवसायीबीच दर्शनार्थीलाई प्रभावमा पारेर आफ्नोमा तान्न एक प्रकारको तँछाडमछाड नै चल्छ । अस्वस्थ प्रतिस्पर्धाले गर्दा आवश्यक गराउनै पर्ने जानकारी पनि ती व्यवसायीले इच्छुक दर्शनार्थीलाई गराइरहेका हुन्नन् । तोकिएको खर्चको जोहो गर्न सके जो पनि सहजै कैलाश परिक्रमा गरेर आइन्छ भन्ने भ्रम सामाजिक सञ्जालमा देखिएका विज्ञापनले पार्छ । तर, विज्ञापन गरिएजस्तो कैलाश परिक्रमा सहज भने छैन । व्यापार गर्ने नाममा व्यक्तिको संख्या संकलन गर्न गरिएका विज्ञापनले कैलाशको दर्शनका लागि इच्छुक दर्शनार्थीलाई कैलाश परिक्रमाबारे यथार्थ जानकारी नगराइनु नै प्रथमतः व्यावसायिक संस्थाहरूको बदमासी मात्रै होइन, ठगी नै जस्तो लाग्छ ।

इच्छुक व्यक्तिलाई विभिन्न स्थानमा घुमाउने, डुलाउने नाममा खुलेका ट्राभल एजेन्सी भनौं वा ट्रेकिङ एजेन्सीले आफ्नो कम्पनीबाट लैजान लागिएको स्थानको भौगोलिक अवस्था र मौसमको अनुकूलताका सन्दर्भमा सामान्य जानकारी दिए पनि मौसम प्रतिकुलताको अवस्थामा अति आवश्यक बन्दोबस्तीका सामग्री साथमा लैजानेबारे यथेष्ट जानकारी गराइनु पर्ने हो । तर, कैलाश दशनार्थीलाई त्यस्तो सन्दर्भमा केही जानकारी गराउने गरिएको पाइन्न । चाहे आफूलाई उच्च व्यावसायिक कम्पनी मान्नेहरू होउन् वा सामान्य 'सिजनेवल' कम्पनी नै चलाएर बसेकाहरू किन नहोउन् । केही एजेन्सी त त्यस्ता पनि फेला परे जसले आफ्नो सम्पर्कमा पुगेका दर्शनार्थीलाई उबाट असुलेको रकममध्ये आफ्नो कमिसन काटेर अर्को एजेन्सीको जिम्मा लगाउने । तीर्थयात्रीबाट महँगो शुल्क असुल्ने केही एजेन्सीले सामान राख्ने ब्याग र फिर्ता गर्ने गरी चिसोमा लगाइने 'डाउन ज्याकेट' उपलब्ध गराउने गरेता पनि हिमपात भएको बेला वा पानी परेको अवस्थाका लागि बन्दोबस्तीका केही पनि समान उपलब्ध गराउने गरेका हुन्नन् । न त त्यस्तो अवस्था पनि आइपर्न सक्छ भन्ने जानकारी नै दिन्छन् ।

त्यस्तो अवस्था आइपरेमा चाइनाबाटै आएको सामान भए पनि काठमाडौंको बजारमाभन्दा तीन गुणा बढी मूल्यमा स्वयम् दर्शनार्थीले नै खरिद गर्न बाध्य हुनुपर्छ । तीर्थयात्रीको सहयोगका लागि भनेर जाने सहयोगी गाइडको व्यवहार कतिपय अवस्थामा पाच्य हुन सक्दैन । अचानकको हिमपात वा वर्षात्का बेलामा पनि केहीबेर कुर्ने वा अलमल गर्ने सुविधासमेत ती सहयोगीले खोसिदिन्छन्, उनीहरूकै शैलीमा, तोकिएकै स्थानमा पुग्नै पर्ने हुकुम तीर्थयात्रीमाथि चलाउँछन् ती सहयोगी भनाउँदाहरू । थाकेर, हिँड्न नसकेर पछि परेको यात्रीलाई हिँड्न हौसला दिनु त परैको कुरा आफू नै अघि लाग्ने गर्छन् । भन्छन्, 'यती गरेन भने हिँड्नै खोज्दैनन् ।'

### कैलाश परिक्रमाको सिजन

उच्च हिमाली भेग भएकाले हिउँ पर्नुअघि अर्थात् जुन, जुलाई, अगस्ट र सेप्टेम्बर (जेठ, असार, साउन, भदौ)लाई कैलाश परिक्रमाका लागि उचित समय मानिन्छ । चैत्र-वैशाख हावाहुरीको सिजन भएको र भाद्र तेस्रो सातादेखि चिसो बढ्ने भएकाले त्यसबिचको अवधि कैलाश परिक्रमाका लागि उत्तम मानिन्छ ।

चार-पाँच वर्ष अधिसम्म भारतीय दर्शनार्थीको भीड लाग्ने कैलाश मानसरोवरमा हिजोआज ४० प्रतिशत स्थानीय तिब्बतीयन, ३० प्रतिशत नेपाली, १५ प्रतिशत विभिन्न देशको राहदानी प्राप्त गरेका गैरभारतीय नागरिक (एनआरआई) र १५ प्रतिशत ट्रेकिङका लागि आउने विदेशी नै हुन्छन् । तिब्बतवासी बौद्ध धर्मप्रति निकै आस्थावान् छन्, तर समग्र चीनवासीले धर्मप्रति त्यती चासो राख्दैनन् । केही वर्षयता भारत-चीनबिच सीमाकै विषयलाई लिएर सम्बन्धमा चिसोपना आएपछि चीनले भारतीय नागरिकलाई तिब्बत अर्थात् कैलाश मानसरोवरका लागि प्रवेशाज्ञामा रोक लगाएको छ । त्यसो त सीमामा रहेका नेपालीलाई पनि निश्चित किलोमिटरभन्दा अगाडि बढ्न दिइएको छैन ।





■ मधु लम्साल

> हिन्दुलगायत धर्मालम्वीले महान् एवम् पवित्र ठान्ने तीर्थस्थलमा पुगेर पनि आफ्नो घरपरिवार, नातागोता, साथीभाइ, शुभेच्छुकलाई तीर्थस्थलको सम्झना स्वरूप उपहार वा चीनोका रूपमा किन्ने समान नपाउनु, त्यत्रो तीर्थस्थलमा शिवालय, मठमन्दिर कहीँ कतै नहुनु, दैनिक हजारौं धार्मिक पर्यटकले पदयात्रा गर्ने पवित्र तीर्थस्थलप्रति चीन सरकारले उपेक्षा गरेजस्तो लाग्नुले पनि मन केही खल्लो बनिरह्यो ।

चीनको तिब्बत क्षेत्रमा पर्ने कैलाश मानसरोवरको दर्शन गर्न जाने तिर्थालुले व्यक्तिगत 'भिसा' पाउँदैनन् । उनीहरूले 'ग्रुप भिसा' लिनु पर्छ । ग्रुपमा कम्तीमा चार जना हुनै पर्ने । 'भिसा' भएर पनि स्थानीय एजेन्ट अर्थात् गाइडबिना प्रवेश नपाइने । सिमानाकामा चेकजाँच विमानस्थलकै शैलीमा हुन्छ । चेकजाँचका क्रममा चीन सरकारका लागि घाँडो मानिएका हाल भारतमा प्रवास जीवन बिताइरहेका बौद्ध धर्मगुरु दलाई लामाको तस्बिरसम्म देख्न नहुने । जुनसुकै भाषामा लेखिएका पत्रपत्रिका, नक्सा, पुस्तकलगायतका जानकारीमूलक सामग्री चेकजाँचका क्रममा बोर्डरमै खोसिने । मोबाइल, ल्यापटपमा कहीँ कतै दलाई लामाको तस्बिर देखा पर्‍यो भने त्यो व्यक्तिले प्रवेश पाउन सम्भवै छैन । मोबाइल र ल्यापटप नियाली नियाली हेर्दा लाग्छ, उनीहरूका लागि दलाई लामा कति टाउको दुखाइका रहेछन् ? नाकाबाट इन्ट्री पाइसकेपछि पनि राजमार्गको ठाउँ ठाउँमा चेकपोस्ट, त्यहाँ पनि 'इन्ट्री परमिट' देखाउनै पर्ने अनि गाइड पनि साथमै हुनु पर्ने ।

कैलाश मानसरोवरको परिक्रमाका लागि १० देखि १२ दिनको समय छुटाइन्छ । नेपाली दर्शनार्थीबाट एजेन्सीले एक लाख पचास हजारदेखि एक लाख सत्तरी हजारसम्म असुल्ने गरेको पाइन्छ । त्यो पनि रसुवा नाकाबाट लैजाँदा । यात्रुको सुविधाका लागि नेपालगन्जबाट सिमिकोट जहाजमा, त्यहाँबाट हिल्सा नाकासम्म हेलिकप्टर अनि त्यहाँबाट सवारीसाधनमा लैजाने पनि केही एजेन्सीले व्यवस्था मिलाएका रहेछन् । यसका लागि प्रतिव्यक्ति दुई लाख ६० हजार असुल्दा रहेछन् । तर, ट्रेकिङमा आएका विदेशी नागरिक र दर्शनकै लागि जाने गैर भारतीयसँग भने एजेन्सीवालाले राम्रै मोलमोलाइ गर्ने गरेको पाइयो ।

### कैलाश परिक्रमा र भौगोलिक अवस्था

कैलाश मानसरोवर तीर्थयात्राका क्रममा चीनको तिब्बत क्षेत्र प्रवेश गर्ने नेपालका थुप्रै नाका छन् । त्यसमा प्रमुख रसुवाबाट केरुङ नाका हुँदै होस् वा बाह्रबिसेको खासा नाकाबाट अथवा मुस्ताङको कोरला नाकाबाटै किन नहोस्, यी नाकाबाट प्रवेश गरेपछि साघा सहर वरपरको राजमार्गमा जोडिन पुगिन्छ । सिमिकोटको हिल्सा नाकाबाट प्रवेश गर्दा दार्चेन नजिकको हाइवेमा मिसिने रहेछ । त्यसो त विवादित लिम्पियाधुरा अर्थात् लिपुलेकबाट पनि कैलाश मानसरोवर नजिकै पर्दो रहेछ । समुद्र सतहबाट झन्डै चार हजार ५६० मिटर उचाइमा रहेको मानसरोवरमा स्नान अनि पूजामा सरिक भइसकेपछि सुरु हुन्छ कैलाशका लागि परिक्रमा यात्रा । भौगोलिकताको दृष्टिले चार हजार ५६० मिटर उचाइ आम नेपालीका लागि अनुकूल नै मान्न त सकिन्न, तापनि सवारीसाधन चढेरै गइने हुँदा त्यहाँसम्मको यात्रा खासै प्रतिकूल देखिन्न । कैलाश यात्राका लागि त्यहाँ पुग्ने व्यक्तिको अक्सिजन लेभल ७५ भन्दा माथि नै हुनुपर्ने हुन्छ । कैलाश यात्राका क्रममा दार्चेन चार हजार ६७० मिटर उचाइसम्म खासै जानकारी नगराइने भएता पनि ' हाइ अल्टिच्यूड' अर्थात् लेक लाग्न सक्ने सम्भावनालाई ख्याल गर्दै साघा सहरमा एक-दुई दिन विश्राम गराउने गरिँदो रहेछ । खासगरी मानसरोवर पुगेपछि मात्रै स्वास्थ्य समस्याका बारे 'यसो र त्यसो' भनेर त्रास देखाइदिँदा आफूसँगै गएका गाइडसँग विवाद गर्ने दर्शनार्थीको संख्या पनि कम देखिन्न । स्वास्थ्य समस्याका कारण त्यहाँबाट अघि बढ्न नसक्ने अवस्था आइपरे पनि आफूले बुझाएको पैसा फिर्ता हुने होइन । बरु, उल्टै ती गाइडले तपाईंलाई माथि होटेल बुक गरेको छ, त्यहाँ बुझाएको पैसा फिर्ता हुन्न अनि यहाँ पनि होटेलमा बसेको रुमको पैसा तिर्नु पर्ने हुन्छ भन्दै थप रकम असुल्ने गरेको पनि देखियो ।

कैलाश परिक्रमा अन्तर्गतको तीन दिने पैदल यात्राको क्रम यमद्वारबाट सुरु हुन्छ । दार्चेनबाट यमद्वारसम्म सवारीसाधनमा पुगिन्छ । समुद्र सतहबाट यमद्वारको उचाइ चार हजार ८५० मिटर छ । सात-आठ घण्टा लगाएर १५ किलोमिटरको पैदलयात्रा तय गरेपछि ५२ सय मिटर उचाइको दिरापुकमा पुगिन्छ । त्यस दिनको बास त्यही दिरापुकमा हुन्छ । यसबिचमा एउटा मात्रै 'टि-सप' अर्थात् खाजा खाने स्थान छ । उत्तरी मोहडाबाट कैलाशको भव्य दर्शन गर्न सकिने यो ठाउँसम्म स्वस्थ व्यक्तिले खासै समस्या भोग्नु पर्दैन । यद्यपि, हिँड्न नसक्नेहरू भने घोडा सवारी प्रयोग गर्छन् । यहाँसम्मको घोडा सवारीको झन्डै १५ सय घुर्मी अर्थात् ३० हजार नेपाली रुपैयाँ बुझाउनु पर्छ । मालसमान ओसार्न त्यहाँको भरिया चौरीगाइँ मानिन्छ ।

कैलाश परिक्रमाका क्रममा सबैभन्दा कठिन र जटिल दोस्रो दिनको पदयात्रालाई मानिन्छ । दिरापुकबाट सुरु हुने परिक्रमा पैदलयात्रा जुथुलपुक पुगेर रोकिन्छ । ५२ सय मिटर उचाइबाट सुरु हुने दोस्रो दिनको परिक्रमा यात्रा झन्डै ५६ सय ५० मिटर उचाइको डोल्माला पास हुँदै ११-१२ घण्टा लगाएर १८ किलोमिटरको उकाली ओराली यात्रा ४७ सय ६० मिटर उचाइको जुथुलपुकमा पुगेर त्यस दिनका लागि स्थगित हुन्छ । यसबिचमा पनि एक ठाउँमा मात्रै 'टि-सप'अर्थात् खाजा खाने ठाउँ भेटिन्छ । यस दिनको पदयात्रालाई 'डेन्जर जोन'का रूपमा राखिएता पनि उद्धार एवम् आराम स्थलको अभाव देखिन्छ । घोडा सवारीले दिरापुकबाट डोल्मालासम्मको उकालो चढाएको यहाँ पनि २ हजार घुर्मी अर्थात् ४० हजार नेपाली रुपैयाँ असुल्दा रहेछन् । आफ्नै शरीर भारी लाग्ने यो यात्राका क्रममा साथमा लगेको ५-७ केजीको झोला पनि आफूलाई घाँडो लाग्ने, भरियालाई बोकाउँदा त्यही सानो झोलाको पनि ५-७ सय घुर्मी दश-बाह्र हजारको 'डिमान्ड' गर्ने अवस्था रहेछ । पहिलो दिन र दोस्रो दिनको पैदल परिक्रमाका दिन आफूलाई लैजाने एजेन्सीले दिएको 'लन्च प्याकेट' सम्झँदा पनि 'कठै' भनेजस्तो लाग्छ । 'ब्रेकफास्ट' र 'डिनर' पनि उस्तै । झन् हिँड्न शक्ति चाहिने बेलामा टिठलाग्दो खान्की ! पैसा तिरेर पनि 'टि-सप'मा शाकाहारी खाना नपाइने ! खानाका सन्दर्भमा एजेन्सीले साथ लगाएर पठाएका गाइडसँग कुरा गर्दा उनीहरूले होटेल-रेस्टुरेन्टले नेपाली स्वादको खाना नदिने आफूहरूले खाना तयार गर्ने भाँडाकुडा बोकेर ल्याउन नसक्ने जवाफ दिन्छन् । हिमाल आरोहण गरेकै आभास दिलाउने दिरापुकबाट जुथुलपुक जाने पैदल मार्ग कस्तो होला ? त्यसमा पनि हिउँ परेको बेला, बाटो नदेख्दाको अवस्थामा त्यो यात्रा कसरी तय गरिएको होला ? अहिले सम्झँदा पनि आङ् सिरिङ्ग हुन्छ ।

दिरापुकबाट बिहान झिसमिसेमा उकालो चढ्दै गर्दा डोल्माला पास आउला छैन, आउला छैन । उकालोमा कमिलाको ताँतीजस्तै एकपछि अर्को पाइला ! यात्राको क्रम जारी । हिउँले जताततै सेताम्मै । केको बाटो देख्नु ? कहीँ कतै त अनुमान लगाएर अगाडि चालेको पाइला हिउँमै भासिने । त्यो बेला कैलाश परिक्रमा गर्दैछौं भन्ने भुलेर हिमाल आरोहण पो गरिरहेछौं जस्तो भान पर्‍थ्यो । परिक्रमा यात्रा गरिरहेका केही पैदलयात्रीको रुवावासी, कोही चिप्लिएर उत्तानो परेका, कोही लतारिएर, धसारिएर हिउँसँगै हिलाम्मे छन् । कोही घाइते । कोही अघि बढ्न नसकेर आकुल-व्याकुल अवस्थामा । हिमपातकै अवस्थामा पनि कसैले साथमा लगेको अक्सिजन लिइरहेको अवस्था थियो । मुस्किलले चढेको उकालो पछि ओरालो झर्दा झनै खतरा मोल्नुपर्‍यो । दिरापुक र डोल्मालाको बिचमा रहेको एउटा 'टि-सप'मा सामान्य वर्षादीको मूल्य दुई सय घुर्मी रे । जबकी त्यसको नेपालमा दुई सय रुपैयाँ पनि पर्दैन । त्यहाँका व्यापारी पनि मौकाकै फाइदा उठाउने खालका । जुथुलपुकमा पनि देख्नमा आकर्षक विश्राम गृह अर्थात् होटेल थियो । तर, त्यहाँ पनि शौचालय भने थिएन । जसोतसो रात काटेर भोलिपल्ट झिसमिसेमै दार्चेनतर्फको यात्रा थालियो । झन्डै साढे दुई घण्टाको यात्रापछि दार्चेनमा खाना खाएर सवारीसाधनमा फर्किने मेसोतर्फ लागियो ।

र, अन्त्यमा हिन्दुलगायत धर्मालम्वीले महान् एवम् पवित्र ठान्ने तीर्थस्थलमा पुगेर पनि आफ्नो घरपरिवार, नातागोता, साथीभाइ, शुभेच्छुकलाई तीर्थस्थलको सम्झना स्वरूप उपहार वा चीनोका रूपमा किन्ने समान नपाउनु, त्यत्रो तीर्थस्थलमा शिवालय, मठमन्दिर कहीँ कतै नहुनु, दैनिक हजारौं धार्मिक पर्यटकले पदयात्रा गर्ने पवित्र तीर्थस्थलप्रति चीन सरकारले उपेक्षा गरेजस्तो लाग्नुले पनि मन केही खल्लो बनिरह्यो ।

## कविता

# रोक आफ्नो रुद्र रूपलाई



अच्युतमान सिंह प्रधान 'उत्सुक'

निरन्तर वर्षाले लियो भयानक रूप
निम्तायो यसले प्राकृतिक प्रकोप
आयो बाढी पहिरो विनाशकारी बनेर
अनि देखायो ताण्डव नाच यसले
भयो नष्ट एक क्षणमै वर्षौंदेखिको लगानी
बगाई लग्यो यसले बस्तीका बस्ती
भत्कायो अनि बगायो कति भौतिक संरचनाहरु
हिजोसम्मका उर्वर भूमि बने बगर
हिजोसम्म चहलपहल हुने बस्ती आज छायो सन्नाटाले
जिन्दगीभर रगत पसिना बगाएर कमाएको श्रीसम्पत्ति
आफू र आफ्नो परिवारको गाँस काटेर जोडेको घरबारी
आज आफै सामु बाढी पहिरोमा बगेको हेर्नु पर्‍यो टुलुटुलु
भए कति घरबार विहीन, कति बने परिवार विहीन
कति बने नाबालक मै टुहुरा
कति आमाको त कोख रित्तियो
कतिको सिन्दूर र टिका पुछियो, अनि चुरा फुटाइयो
अब त अति भो,
दया गर, माया गर
रोक आफ्नो रुद्र रूपलाई
अनि बचाउ आफ्नो सुन्दर सृष्टिलाई ॥

## कविता

# प्रकृति स्वरूपका निहित शरीर



डा.सुमनकुमार रेग्मी

प्रकृति स्वरूपका निहित शरीर ।
प्रकृति स्वरूपका निहित शरीर ॥

प्रकृति स्वरूपका जीवित शरीर ।
चातुर्यले संसारमा त्यही हो शरीर ॥
सारा चिज मस्तसँग हेरे शरीर ।
हेर्नुमा के हो भन्ने छैन शरीर ॥

स्वतन्त्र स्वच्छ आँखाले हेरेर शरीर ।
आलोचनात्मक दृष्टिले हेर शरीर ॥
शुद्ध अशुद्ध अमूल्य फ्याँकी शरीर ।
शुद्धिकालाई बाँड अशुद्धि शरीर ॥

प्रकृति स्वरूपका निहित शरीर ।
प्रकृति स्वरूपका निहित शरीर ॥

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | लामो यात्रा सफल हुनेछ । आकस्मिक धन लाभको योग छ । |
| वृष | : | समय खर्च हुनेछ । काममा रोकावट हुनसक्छ । |
| मिथुन | : | स्वास्थ्य राम्रो रहनेछ । अनावश्यक जिम्मा लिनु हुँदैन । |
| कर्कट | : | सबै कार्यमा धैर्यता जरुरी हुन्छ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| सिंह | : | शुभ समाचार प्राप्त हुनेछ । स्वास्थ्यमा सुधार हुनेछ । |
| कन्या | : | कार्यहरूमा अनुकूल प्रगति हुनेछ । पदोन्नतिको योग छ । |
| तुला | : | आमा-बुवासँग लाभको योग छ । सबै कार्यमा सावधानी अपनाउनुहोला । |
| वृश्चिक | : | स्वास्थ्यमाथि ध्यान दिनु होला । दैनिक आय राम्रो रहनेछ । |
| धनु | : | प्रभाव बढ्ने योग छ । खानपानमा सावधानी राख्नुहोला । |
| मकर | : | दैनिक कार्यमा प्रगति हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
| कुम्भ | : | अनावश्यक खर्चले मनमा अशान्ति दिनेछ । धन लाभमा कमी आउनेछ । |
| मीन | : | सबै कार्यमा सावधानी राख्नुहोला । लामो यात्रामा ध्यान दिनुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

## कथा

# अंग्रेजीको रहर !



■ ओम बस्नेत

"अब त तपाई रेगुलर हुनु भयो हाम्रो नानीहरूलाई इङ्गिलस स्कुल हाल्नु पर्छ है अर्को पालीदेखि", पेमाले निमालाई प्रस्ताव राखी । धेरै वर्ष अस्थायी रूपमा सरकारी नोकरी गर्दै आएका हुन निमाले ।

"अब भर्खर त रेगुलरको अर्डर थापेको छु । कागजपत्र भेला गर्दा, एनओसी बटुल्दा अलिक समय लाग्छ, पहिलो तलब पाउनुमा । बेसी डिमान्डहरू नगर्नु है अहिले नै ।"

निमाले चेतावनी दियो ।

अर्को वर्षको फेब्रुअरी महिना आयो, अभिभावकहरू आफ्नो छोरा-छोरी इङ्गिलस स्कुलतिर घिसस्याउन थाले । निमा पनि एउटा इङ्गिलस स्कुलमा गयो । एडमिसन फीस देखेर सातो पुत्लो उड्यो ।

फीस तालिका यस्तो थियो -
मासिक फीस : दुई हजार
स्कुल डेवलोपमेन्ट फन्ड : १० हजार
वार्षिक फीस : १० हजार
कम्प्युटर फीस : दुई हजार
ट्युसन फीस : दुई हजार
स्कुल बस फेयर : दुई हजार इत्यादि ।

अब खाता किताब र युनिफर्मको अलग्गै । यूनिफर्मको निम्ति स्कुल मैनेजमेन्टले नै मनोनीत गरेको पसल रहेछ, कुन्नि के इन्टरप्राइजेज भनेर । त्यहीबाट किन्नु पर्ने । जम्मा जम्मी आधा लाखको झड्का लाग्ने भयो ।

यो सबै खर्चको व्यवस्था गर्दा निमाको तीन महिनाको तलब स्वाहा हुने देख्यो । साथीभाइबाट सापट गर्नुपर्ने स्थिति आयो ।

निमा र डोमाका दुई सन्तान हुन : अनिश र अनिशा । दुई दाजु बहिनीलाई तीन र चार कक्षामा दाखिला गर्नुपर्ने थियो तर, दुवैलाई खर्चले नपुग्ने हुँदा छोरोलाई प्राथमिकता दिए दम्पतीले ।

उसको मनमा धेरै कुराहरू खड्की रहेको थियो । दुई किलोमिटर बसमा चढेको दुई हजार, स्कुल डेवलपमेन्ट फन्ड छ हजार, छ महिनामा दिनुपर्ने । फेरि ट्यूसन फीस किन लिएको होला ? तर, खोइ कसले आवाज उठाउने ?

जसै तसै छोरो इङ्गिलस स्कुल जानु थाल्यो । स्कुलको र छोरोको फोटो पनि हाल्यो फेसबुकमा, अरूले पनि थाहा पाउन भनेर । बाउ-आमा गर्वले छाती फुल्याएर हिँड्न सक्ने भए । तर, गाउँलेले कुरा पनि काट्न थाले । छोरोलाई इङ्गिलस स्कुल हाले, छोरीलाई सरकारी पठाए भनेर ।

केही दिनपछि छोरोले भन्यो, "मम्मी, मलाई पैसा चाहियो तीन सौ रूपयाँ ।"

"किन चाहियो तीन-तीन सौ नानी ?"

"मैले की नेपाली बोलेँ भनेर ।"

"उफ् .. अन्त किन बोलिस् त नेपाली ?"

"पिसाब आएर कस्तो सारो पर्‍यो, अन्त मैले मिस मलाई सुसु आयो भनेको थिएँ, कान पनि मल्नु भयो अनि फाइन पनि तिर्नुपर्छ भन्नु भयो ।" अनिशले बतायो ।

एक दिन बिहानै पेमाले निमालाई भन्छे, "अनिशको डैडी, आज छुट्टी लिएर भए पनि स्कुल जानुस् है गार्जेन मिटिङ छ अरे ! मलाई त इङ्गिलस बोल्न पनि आउँदैन ।"

छोराले थप्यो, "डैडी, तपाई आउनुस् ल स्कुल आज । अलिक स्मार्ट भएर आउनुस् है । सबैको डैडी मम्मीले इङ्गिलस बोल्छ । मम्मी आउनु भयो भने त मलाई सरम हुन्छ । तपाईँ त पढेको हो नि । इङ्गिलस बोलेर देखाई दिनुस् ल", भनेर इज्जतको सवाल देखायो । निमाले "हुन्छ" भनेर स्वीकृति दियो ।

रिजल्ट थाप्नु भन्दा अघि सबै फीसहरू तिरेको हुनुपर्छ भन्ने सुन्यो उसले ।

छोराको सरलाई गएर सोध्यो इंग्लिशमा,

"सर आई फादर ओफ मनिश, हौ मछ माई सोन मैथमेटिक्स ?"

सरले भने, "प्लीज आस्क टु मैथ टीचर ही इज दियर" भनेर अर्को सर देखाएर इशारा गरे ।

त्यहाँ गएर सोध्यो, "सर, आई फादर ओफ मनिश, हौ मछ माई सोन मैथमेटिक्स ?"

सरले रेजिस्टर पल्टाएर भने, "ओह, योर सोन इज वेरी पुवर इन मैथमेटिक्स, ही स्कोरड ओनली थर्टी थ्री ।"

योभन्दा खुशीको खबर उसको लागी के हुनु सक्थ्यो र । उसले फयाट्ट पचासको नोट झिकेर सरलाई दिई हाल्यो र भन्यो, "थेंक्यु सर, सेवेनटीन रूपीस टिप्स" भनेर हिँड्यो ।

"हैट उहिलेको पढाई हो नि हौ अझै त इङ्गिलस कहाँ बिर्सेको छु र ।"

भन्दै मनमनमा गदगद हुँदै घर पुग्यो ।

बेलुकी छोरो रिजल्ट नथापी घर आयो । छोरी अनिशाले अव्वल नम्बर ल्याएर पास भइछ । अर्को वर्षदेखि अनिश पनि सरकारी स्कुल जानु थाल्यो । केको पुवर हुन्थ्यो, हिसाबमा अहिले हाकिम भएर बेहिसाब पैसा कमाई रहेको छ ।

# गाजामा बन्धक बनाइएका ६४ जनाको अवस्था अज्ञात

**काठमाडौं/एजेन्सी-** हमास लडाकूहरूले इजरायलमाथि अहिलेसम्मकै सबैभन्दा भयानक आक्रमण गर्दा उनीहरूले दुई सय ५१ बन्धकलाई गाजा पट्टीमा लगेका थिए । तीमध्ये केही पहिले नै मृतावस्थामा थिए । आक्रमणको एक वर्षपछि पनि दुई बालबालिकासहित ६४ जना अझै बन्धक छन् । इजरायलले उनीहरू जीवित रहेको विश्वास गरेको छ ।

गाजा पट्टीमा शासन गर्ने प्यालेस्टिनी लडाकू समूहका लागि बन्धकहरू इजरायलसँग युद्धविराम वार्ता गर्न र इजरायली जेलहरूमा थुनिएका प्यालेस्टिनी कैदीहरूको रिहाइ गर्न महत्वपूर्ण मोलमोलाइको माध्यम हुन् ।

सन् २०२३ अक्टोबर ७ मा हमास लडाकूहरूले कब्जामा लिएका दुई सय ५१ बन्धकमध्ये एक सय १७ जना मुक्त भएका छन् र तिनीहरूमा अधिकांश महिला, बालबालिका र विदेशी कामदार छन् ।

इजरायली जेलहरूमा थुनिएका दुई सय ४० कैदीको बदलामा अधिकांश बन्धकलाई नोभेम्बरको अन्त्यतिर एक साताको युद्धविरामको समयमा रिहा गरिएको थियो । करिब एक वर्षपछि गाजामा अहिले पनि बन्धक बनाइएका ६४ जना जीवित रहेको इजरायलको विश्वास छ । सेनाले मृत भएका पुष्टि गरेका ७० मध्ये ३३ को शव अझै गाजामा छ ।

गाजामा मृत्यु भएका वा अक्टोबर ७ मा मारिएर त्यस क्षेत्रमा लगिएका ३७ बन्धकको शव सेनाले स्वदेश फर्काएको छ । जीवित रहेको विश्वास गरिएका ६४ मध्ये ५७ जना इजरायली हुन् । यद्यपि तीमध्ये केहीसँग एउटाभन्दा बढी राष्ट्रियता छ । अन्य छ जना थाई नागरिक र एक जना नेपाली छन् ।

बाउन्न जना पुरुष र १० महिला छन् । त्यस्तै ११ जना सैन्य कर्मचारी छन् भने दुई जना बालबालिका छन् । सबैभन्दा कम उमेरको बन्धक कफिर अपहरणमा पर्दा आठ महिना १५ दिनको थिए । उनका दाजु एरियल गाजामा लैजाँदा जम्मा चार वर्षका थिए । हमासले यी दुई बालबालिका मरेको बताएको छ तर इजरायलले यसको पुष्टि गरेको छैन ।

डिसेम्बर १ मा युद्धविराम समाप्त भएयता इजरायली सैन्य कारबाहीका क्रममा अन्य सात बन्धक मात्र जीवितै मुक्त भएका छन् । जीवित रहेको कुनै प्रमाण नभएकाले ६४ जना अझै जीवित छन् कि छैनन् भन्नेबारेमा अनिश्चितता कायम छ ।



आफ्ना लडाकूहरूले एक इजरायली बन्धकलाई गोली हानी मारेको र अन्य दुईलाई घाइते बनाएको हमासको सशस्त्र शाखाले अगस्ट १२ मा बताएको थियो । हमासले धेरै पटक बन्धकहरूको मृत्यु भएको घोषणा गरे पनि इजरायलले त्यसको पुष्टि गरेको छैन । यसबाट परिवारहरू पीडामा छन् ।

अक्टोबर ७ मा हमासका लडाकूहरूले इजरायली सैनिकहरूको १० शवसहित केही मृतकलाई गाजामा आफूसँगै लगे । युद्ध शुरु भएयता कम्तीमा २८ अन्य बन्धकको गाजामा मृत्यु भएको छ । सन् २०२३ डिसेम्बर १५ मा तीन जनालाई इजरायली सेनाले गल्तीले मारेको थियो । उनीहरू २८ वर्षीय योताम हाइस तथा २६ वर्षका सामेर अल-तलाल्का र एलोन शाम्रिज थिए ।

इजरायली सेनाले हमासमाथि हर्श गोल्डबर्ग-पोलिन, कार्मेल गाट, इडेन जेरुसेलमी, अलेक्जेन्डर लोबोनोभ, अल्मोग सारुसी र ओरी दानिनो गरी छ जनाको हत्या गरेको आरोप लगाएको छ । उनीहरूलाई सैनिकहरूले दक्षिणी गाजाको रफाहमा एउटा सुरुङमा फेला पारेका थिए ।

अधिकांश बन्धकहरूलाई निर ओज किबुत्ज र नोभा संगीत महोत्सवमा भएको आक्रमणका क्रममा लगिएको थियो । अक्टोबर ७ मा निर ओज किबुत्जमा अपहरणमा परेका कम्तीमा ७६ बन्धकमध्ये ४० जना जीवितै रिहा भएका छन् । अरु २० जना अझै गाजामा छन् र जीवित रहेको विश्वास गरिएको छ । बाँकी १६ जनाको मृत्यु भइसकेको छ ।

महोत्सवबाट अपहृत १७ जना मात्र जीवित रहेको र अझै गाजामा बन्धक रहेको विश्वास गरिन्छ । नोभाबाट अपहरणमा परेका कम्तीमा ४३ बन्धकमध्ये नौ जना मात्र रिहा भएका छन् भने अन्य १७ जनाको मृत्यु भएको छ ।

अक्टोबर ७ मा सम्पूर्ण परिवारलाई गाजामा लगिएको थियो । उनीहरूका लागि सन् २०२३ नोभेम्बरको युद्धविरामले राहत दिए पनि प्रियजनहरूलाई पछाडि छाड्नुपर्दाको पीडा पनि दियो । फ्रान्सेली-इजरायली बालबालिकाहरू इतान, इरेज र सहर मुक्त भए पनि उनीहरूका बुबा ओहाद याहालोमी र ओफेर काल्डेरोन अझै बन्धक छन् ।

# मध्यपूर्व तनावका कारण तेलको मूल्य वृद्धि

**काठमाडौं/एजेन्सी-** मध्यपूर्वमा बढ्दो द्वन्द्वको आशङ्काप्रति लगानीकर्ताहरूको प्रतिक्रियास्वरूप बिहीबार तेलको मूल्य वृद्धि भएको छ भने विशेषगरी प्रमुख सेयर बजारमा गिरावट आएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलमाथि तेहरानको मिसाइल आक्रमणको प्रतिशोधमा इरानी तेल साइटहरूमा सम्भावित इजरायली आक्रमहरूबारे 'छलफल गरिरहेको' बताएपछि तेलको मूल्य बढेको हो ।

अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट पाँच प्रतिशतभन्दा धेरैले बढेर प्रतिब्यारेल ७७ दशमलव ६२ डलर पुगेको छ भने अमेरिकी सम्झौता वेस्ट टेक्सास इन्टरमिडिएट पनि त्यसरी नै बढेको छ । प्रमुख अमेरिकी स्टक सूचकांकहरू दिनको अधिकांश समयमा नकारात्मक रहे । एसएन्डपी ५०० शून्य दशमलव दुई प्रतिशतले घटेर बन्द भयो । लन्डन, पेरिस र फ्रेङ्कफर्टका सेयर बजार सबै रातो भएर बन्द भए ।

अमेरिकी डकवर्कर्सको हडताल र अमेरिकी फेडरल रिजर्भको आगामी ब्याजदर कदमबारेको अनुमानले पनि लगानीकर्ताहरूलाई प्रभावित गरेको थियो । शुक्रबार प्रमुख रोजगारी प्रतिवेदन आउने भएको छ ।

डलरको सुरक्षित आश्रय स्थितिले यसको मूल्य बढेको छ । बेलायती पाउन्ड डलरको तुलनामा एक प्रतिशतभन्दा बढीले घटेको छ । बैंक अफ इंग्ल्यान्डका प्रमुख एन्ड्र्यु बेलीले बेलायती ऋण लागतमा तीव्र कटौतीको संकेत दिए ।

एसियामा येन कमजोर हुँदा टोक्यो दुई प्रतिशतले बढेर बन्द भयो । यसले जापानका निर्यातकर्ताहरूलाई सहयोग गरेको छ । चीनको कमजोर अर्थतन्त्रलाई प्रोत्साहित गर्न चालिएको साहसिक कदमका कारण भएको तीव्र वृद्धिपछि हङकङ एक साताभन्दा लामो समयमा पहिलो पटक घट्यो ।



यो साता इजरायलमाथि इरानको क्षेप्यास्त्र आक्रमणले इजरायलको गाजा र लेबनानमा तेहरान समर्थित समूहहरूसँगको द्वन्द्व व्यापक क्षेत्रीय युद्धमा परिणत हुनसक्ने डर बढाएको छ ।

'बजारहरू निलम्बित अवस्थामा छन्, इरानविरुद्ध इजरायलको अपेक्षित प्रतिशोधका लागि बजारहरू तयार छन्, यस्तो कदमले तेलको मूल्यलाई व्यापक रूपमा बढाउन सक्छ,' स्वतन्त्र बजार विश्लेषक स्टिफन इन्सले भने ।

लेबनानी लडाकू समूह हिजबुल्लाहलाई समर्थन गर्ने इरानले इजरायलले जवाफी आक्रमण गरे आफ्नो प्रतिक्रिया बढाउने बताएको छ । लेबनानमाथि इजरायली बमबारीमा अहिलेसम्म एक हजारभन्दा बढी मानिस मारिएका छन् । यसमा बेरुतमा भएका आक्रमणहरू पनि समावेश छन् ।

इजरायली सेनाले बिहीबार लेबनानको राजधानी बेरुतमा हिजबुल्लाहको खुफिया मुख्यालयमा आक्रमण गरेको बताएको छ । सैनिकहरू भने सीमा नजिक लडाकूहरूसँग लडिरहेका थिए र युद्धक विमानहरूले मुलुकभर उनीहरूका गढहरूमा बमबारी गरिरहेका थिए ।

यद्यपि विश्लेषकहरूले गत साता अमेरिकी भण्डारण अपेक्षाभन्दा बढेकाले तेलको मूल्य वृद्धि सीमित हुनसक्ने बताएका छन् । लिबियाको पूर्वी प्रशासनले पनि बिहीबार एक महिना लामो उत्पादन र निर्यात अवरोध अन्त्य गरेको घोषणा गरेको छ ।

साउदी नेतृत्वको ओपेक प्लस तेल कार्टेलले डिसेम्बरदेखि उत्पादन बढाउने तय गरेको छ । यसले आपूर्तिको चिन्तलाई अझ कम गर्नेछ । लगानीकर्ताहरूले शुक्रबार प्रमुख अमेरिकी गैर-कृषि पेरोल रोजगारी प्रतिवेदनमा ध्यान केन्द्रीत गर्दैछन् । यसले गत महिनाको चार वर्षमा पहिलो पटक कटौतीपछि फेडको ब्याजदर योजनाबारे संकेत दिन सक्छ । बुधबारको आँकडाले सेप्टेम्बरमा अमेरिकी निजी क्षेत्रको रोजगारीमा अप्रत्याशित वृद्धि देखाएको थियो ।

# सर्वोच्च अदालतलाई वैवाहिक बलात्कारमा उदारता देखाउन भारत सरकारको आग्रह

**काठमाडौं/एजेन्सी-** भारत सरकारले वैवाहिक बलात्कारलाई अन्य बलात्कार अपराधहरूभन्दा धेरै उदारताका साथ व्यवहार गर्नुपर्नेमा जोड दिएको छ । वैवाहिक बलात्कारीलाई गैरकानूनी घोषित गर्न माग गर्दै अभियन्ताहरूले दायर गरेको चलिरहेको सर्वोच्च अदालतको मुद्दामा भारत सरकारले त्यस्तो जोड दिएको हो ।

भारतमा बेलायती औपनिवेशिक शासनको समयमा १९औं शताब्दीमा लागु गरिएको दण्ड संहिताले स्पष्ट रूपमा 'एक पुरुषले आफ्नै पत्नीसँग गरेको यौन क्रियाकलाप बलात्कार होइन' भनी उल्लेख गरेको छ । वैवाहिक बलात्कारलाई गैरकानूनी बनाउन खोज्ने अभियन्ताहरूको एक दशक लामो अदालती चुनौतीका बाबजुद प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले जुलाईमा उक्त धारालाई कायम राख्दै संशोधित संहिता लागु गरेको थियो ।



भारतको गृह मन्त्रालयले बिहीबार सर्वोच्च अदालतमा दायर गरेको शपथपत्रमा वैवाहिक बलात्कारको परिणाम 'दण्डात्मक' हुनुपर्ने भए पनि कानूनी प्रणालीले यसलाई विवाह बाहिर गरिएको बलात्कारभन्दा बढी उदारताका साथ व्यवहार गरिनुपर्ने उल्लेख छ ।

'पतिसँग आफ्नी पत्नीको सहमति उल्लंघन गर्ने कुनै मौलिक अधिकार निश्चित रूपमा छैन,' द इन्डियन एक्सप्रेस अखबारका अनुसार शपथपत्रमा भनिएको छ, 'यद्यपि भारतमा मान्यता प्राप्त बलात्कार प्रकृतिको अपराधलाई विवाह संस्थामा आकर्षित गर्नु अत्यधिक कठोर मान्न सकिन्छ ।'

भारतको वर्तमान दण्ड संहिताले बलात्कारमा दोषी ठहर भएकालाई न्यूनतम १० वर्षको सजाय तोकेको छ । वैवाहिक बलात्कारलाई विद्यमान कानूनहरूमा पर्याप्त रूपमा सम्बोधन गरिएको र यसमा घरेलु हिंसाबाट महिलाहरूको संरक्षण गर्ने सन् २००५ को कानून समावेश रहेको सरकारको वक्तव्यमा उल्लेख छ ।

# श्रीलंकाका लागि दिगो सुधार महत्वपूर्ण : आईएमएफ

**काठमाडौं/एजेन्सी-** श्रीलंकाको नयाँ राष्ट्रपतिले दुई अर्ब ९० करोड अमेरिकी डलरको राहत रकमका शर्तमा परिवर्तन गर्न माग गरेका छन् । जवाफमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले शुक्रबार भनेको छ, 'श्रीलंकाको पीडादायी मितव्ययिताका उपायहरूले सार्थकता पाइरहेका छन् र यसलाई निरन्तरता दिइरहनुपर्छ ।'

बामपन्थी नेतृ अनुरा कुमारा दिसानायकेले गत महिना भएको राष्ट्रपतीय चुनावमा करवृद्धि फिर्ता लिने, सरकारी कर्मचारीको तलब बढाउने र गत वर्ष कोलम्बोले प्राप्त गरेको अलोकप्रिय आईएमएफ बेलआउटमा पुनः वार्ता गर्ने वाचा गरेका थिए ।

मार्क्सवादी पृष्टभूमिबाट राष्ट्रपतिमा निर्वाचित दिसानायकेले यसै साता कोलम्बोमा कोषका प्रतिनिधिसँग पहिलो बैठक गर्दै आफू निम्न आय भएका परिवारमा करको भार कम गर्न चाहेको बताएका थिए । यसको जवाफमा वासिङ्टनमा मुखलय रहेको



ऋणदाता आइएमएफले श्रीलंकाको आर्थिक पुनरुत्थानलाई खतरामा नपार्न महत्वपूर्ण रहेको बताएको हो ।

यसबारे आइएमएफ प्रवक्ता जुली कोजाकले वासिङ्टनमा पत्रकारहरूसँगको कुराकानीमा भने, 'आर्थिक वृद्धिलाई पुनर्जीवित गर्ने, मुद्रास्फीति घटाउने, सञ्चिति बढाउने र राजस्व परिचालनमा सुधार गर्ने सन्दर्भमा श्रीलंकामा सुधारका हाम्रा प्रयासहरू सफल भइरहेका छन् । महत्वपूर्ण कमजोरीहरू र अनिश्चितताबीचसुधारको गतिलाई कायम राख्नु महत्वपूर्ण हुन्छ ।'

श्रीलंकाले आईएमएफकोषको ३३ करोड ६० लाख अमेरिकी डलरको चौथो किस्ता निकाल्न नेताहरूले उद्धार योजनाको राजस्व र खर्चको लक्ष्यमा अडिग रहेको देखिनु आवश्यक हुनेछ ।

राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति दिसानायकेले बिहीबार आईएमएफ कार्यक्रमका उद्देश्यहरूसँग 'व्यापक सहमति' पुनः पुष्टि गरेका छन्, तर 'वैकल्पिक माध्यमहरू मार्फत यी उद्देश्यहरू प्राप्त गर्ने महत्वमा जोड दिएका छन् । उनले यसले जनतामा बोझ कम गर्ने बताएका छन् ।

विश्लेषकहरूका अनुसार दिसानायकेसँग आईएमएफ सम्झौताका सर्तलाई नयाँ आकार दिने थोरै ठाउँ छ । कोलम्बोस्थित आर्थिक थिंक ट्यांक एडभोकाटाका मुर्तजा जाफर्जीले दिसानायकेको निर्वाचनलगत्तै एएफपीसँग भन्का थिए, 'अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) वार्तागर्न सहमत नहुने केही जटिल कुराहरू छन् ।'

'आईएमएफ गत प्रशासनले सहमति गरेको मुद्रा मुद्रण, राजस्व र खर्चको लक्ष्यमा प्रतिबन्धसहित बेलआउटका मुख्य बुँदाहरूमा पछि हट्ने सम्भावना छैन,' उनले भने । श्रीलंकाले सन् २०२२ मा ४६ अर्ब अमेरिकी डलर बराबरको विदेशी ऋण तिर्न नसकेपछि आइएमएफसँग सम्झौता गरी यस बिषयलाई सहज बनाएको थियो ।

सन् २०२३ को आईएमएफ बेलआउटले खाद्यान्न, इन्धन र औषधिको चरम अभाव अन्त्य गर्न मद्दत गरेको छ र श्रीलंकाको अर्थतन्त्रलाई वृद्धिमा फर्काएको छ, तर यसको मितव्ययिताका उपायहरूले लाखौंलाई आफ्नो गुजारा चलाउन संघर्ष गरिरहेको छ ।

सन् २०२० मा संसदमा तीन जना सदस्यामात्र पठाउन सफल सानो वामपन्थी पार्टीका सदस्य दिसानायके भ्रष्टाचार र कुव्यवस्थापनका कारण जनतामा देखिएको आक्रोशका कारण यो बर्ष (हालै) भएको निर्वाचनमा निर्वाचित भएका हुन् ।

## श्री स्टील्स लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०६/१९**

यस श्री स्टील्स लिमिटेडको मिति २०८१ साल असोज १४ गते बसेको संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान तथा समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न वस्ने भएकोले यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**विशेष साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति : २०८१ कार्तिक ०८ गते बिहीबार**
**समय : दिनको ११ बजे**
**स्थान : का.म.न.पा. वडा नं. ०१, काठमाडौं, नेपाल ।**

**छलफलका प्रस्तावहरु :**

१. कम्पनीको पूँजी अनुपातमा संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्नका लागि विशेष साधारण सभा बोलाउने ।
**बिशेष प्रस्ताव :**
(क) कम्पनीको पूँजी अनुपातमा संसोधन गर्ने बारेमा ।
(ख) कम्पनीको प्रबन्धपत्रको दफा संसोधन गर्ने वारे ।
२. विविध ।

**संचालक समितिको आज्ञाले**
**अध्यक्ष**

## काठमाडौं महानगरपालिका
## ३२ नं. वडा कार्यालय कोटेश्वर, काठमाडौं

**ठेगाना थाहा नभएको उमेश कुमार साह सोनार (सम्पर्क नं. ९८४५३७४०३६) को नाममा कोठा खाली गर्ने सम्बन्धमा जारी भएको १५ (पन्ध्र) दिने सूचना ।**

यस वडाको कोटेश्वर तारकेश्वर मार्गस्थित सुर्यप्रसाद सुवेदीको नाममा रहेको घरमा तपाईले भाँडामा लिई प्रयोग गर्नुभएको १ (एक) कोठाको फ्ल्याट बन्द गरी विगत एक वर्षदेखि भाडा समेत नदिई हालसम्म पनि सम्पर्कमा नआनु भएकोले उक्त कोठा खाली गराई पाउँ भनी निवेदन दिनु भएको हुँदा यस कार्यालयबाट तपाई बहालमा बसेको घर/दैलोमा मिति २०८१/०५/२८ मा ३ दिने र मिति २०८१/०६/०१ मा ७ (सात) दिने सूचना टाँस गर्दा समेत उपस्थित नहुनु भएकोले तपाईले भाडामा लिनु भएको उक्त कोठा खाली गर्नु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ सहित उपस्थित हुन आउनु होला । अन्यथा काठमाडौं महानगरपालिका घरबहाल निर्देशिका २०७९ को २७ (६) बमोजिम यस कार्यालयबाट खाली गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**QATAR मा रोजगार** Al Mafyar Drums Factory
पूर्व स्वीकृति मितिः २०८१/०६/१७ चलानी नं.: ६०२२६२२८ LT No. 311713

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | LABOURER | 2 | 0 | कामदार | 1000 | ३५,७६०।- | ८ | ६ | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ असोज २६ गते (12 Oct., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

**दियालो ईन्टरनेशनल ईम्प्लोईमेन्ट एजेन्सी प्रा. लि.** श्रम ईजाजत नं.: ८११/०६५/०६६
सिनामंगल-९, काठमाण्डौ फोनः ४५६०९२२, ४५६०६००, ९७४१७०१३१३
Email : diyalointl@gmail.com , Web: www.diyalo.com.np

**साउदीमा रोजगार** कम्पनीः NASS HUMAN RESOURCES COMPANY शहरः Jeddah
पूर्व स्वीकृत मितिः २०८१/०६/१६ चलानी नं.: ६०२२६२२१ LT. No.: 311712

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaning Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः NASS HUMAN RESOURCES COMPANY शहरः Jeddah
पूर्व स्वीकृत मितिः २०८१/०६/१७ चलानी नं.: ६०२२६२२० LT. No.: 311711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaning Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असोज २९ गते (15 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
Gov. Lic No. 190/057/058
Kupondole-10, Kandev Temple, Lalitpur Phone No: +977-15920668, 15920568
Mob: 9703851443, 9841582762, Email: nasserplacement2000@gmail.com

**यूएईमा रोजगार** कम्पनीः AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C.. शहरः Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८१/०६/१७ चलानी नं.: ६०२२६२२४ LT. No.: 311716

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 35 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shuttering Carpenter | 55 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 3. | Steel Fixer | 55 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 4. | Mason | 55 | 0 | | 1200 | ४३,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २६ गते (12 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**OPUS MANPOWER PVT. LTD.** श्रम ई. पत्र नं. ९४८/०६७/०६८
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob: 9741690732, 9829217688, 9851100368 E-mail: info@opusmanpower.com

**साउदीमा रोजगार** कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LIMITED शहरः Jubail
पुर्व स्वीकृत मितिः २०८१/०६/१८ चलानी नं.: ६०२२६२३१ L.T. No.: 311787

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver. | 40 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८९,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 40 | 0 | | 1800 | ६४,२९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २६ गते (12 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत नं. ८९०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८, ९८५१०५६९२८

**KUWAIT मा रोजगार** BATEL AL-KHAIR FOOD STUFF CO.
पुन विज्ञापन : पुर्व स्वीकृती मितिः २०८१/०६/१६ चलानी नं. : ६०२२६१९३ LT No.: 311692

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ASST COOK | 5 | 0 | काममा दक्ष | 115 | ५०,५८०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | BAKER | 15 | 0 | | 115 | ५०,५८०।- | | | | | | | |
| ३. | BUCHER | 10 | 0 | | 115 | ५०,५८०।- | | | | | | | |
| ४. | COOK | 20 | 0 | | 125 | ५४,९८०।- | | | | | | | |
| ५. | HELPERS/CLEANERS | 7 | 0 | | 115 | ५०,५८०।- | | | | | | | |
| ६. | KITCHEN HELPERS | 13 | 0 | | 115 | ५०,५८०।- | | | | | | | |
| ७. | WAITER | 20 | 0 | | 115 | ५०,५८०।- | | | | | | | |

अन्तरवार्ता २०८१ असोज २६ गते (12 Oct., 2024) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।

**GULF EMPIRE COMPANY PVT. LTD.** Lic. No.: 1599/079/80
Minbhawan, Baneshwor, Kathmandu, Tel.: 01-4115960/61, 9813287287, 9801315959, 98510095704, 9801106264, Email: gulfempirenepal@gmail.com, URL: gulf-empire.com

**साउदीमा रोजगार** कम्पनी :UNI CARE FACTOY FOR PLASTIC PRODUCTION शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८१/०६/१६ चलानी नं.: ६०२२६२४४ LT. No.: 311555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 1 | 0 | स. काममा दक्ष | 1300 | ४६,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २६ गते (12 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**हाइल्याण्डर इम्प्लाइमेन्ट कन्सल्टेन्सी प्रा. लि.**
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, नेपाल, इजाजत नः २९१/०५८/५९
फोनः ४३५१५४०, फ्याक्सः नंः ४३५५९०२

मध्यान्ह
www.madhyanhadaily.com
१९ असोज २०८१, शनिबार
5 October 2024, Saturday

# नेपाल लगानीका लागि सुरक्षित राष्ट्र हो : अध्यक्ष ढकाल




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार १८, असोज ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल लगानीका लागी सुरक्षित राष्ट्र भएको बताएका छन्। कतारको राजधानी दोहामा नेपाल व्यवसायी संघ कतारले आयोजना गरेको नेपालमा लगानीको सम्भावना र चुनौती विषयक अन्तरक्रियात्मक कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले नेपाल लगानीका लागी सुरक्षित राष्ट्र रहेको बताएका हुन्। नेपालमा लगानीका लागि असंख्य क्षेत्र रहेको भन्दै उनले प्रवासबाट नेपाललाई खत्तमै छ भन्ने दृष्टिकोणले हेर्ने गरेको भएपनि प्रवासमा रहेका व्यवसायीले आफ्नो बचतको पैसा बाहेक सिप समेत आफ्नो देशमा लगानी गरी नेपालको समृद्धिमा टेवा दिनुपर्ने आवश्यकता रहेको बताए।

नेपालमा लगानी भित्र्याउने विषयमा नेपाल सरकार, नेपालमा रहेका उद्यमी तथा प्रतिपक्षमा रहेका राजनितिक दल समेत सकारात्मक रहेको आफूले पाएको बताए। ढकालले व्यवसायमा चुनौती सामान्य रहेको बताउँदै नेपालमा व्यावसायिक लगानीको प्रचुर सम्भावना रहेको उनको भनाइ थियो।

'म गाउँबाट काठमाडौं आउने भाडा समेत जोहो गर्न हम्मे-हम्मे पर्ने सामान्य परिवारको व्यक्ति थिएँ र पनि नेपालको सम्भावनालाई अध्ययन गरी व्यावसायिक सफलता प्राप्त गर्दै गइरहेकै छु', उनले भने, 'यहाँहरु त आफैंमा सफल व्यवसायी हुनुहुन्छ भने किन चुनौतीका कुरालाई मात्र फोकस गर्नुहुन्छ ?'

संघका उपाध्यक्ष नरेन्द्र भाटको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा संघका उपाध्यक्ष रमेश भट्टको तर्फबाट संस्थागत अवस्थाको बारेमा जानकारी भएको थियो। यस्तै, अर्का उपाध्यक्ष राज रेग्मीले कार्यक्रमबारे प्रकाश पारेका थिए भने महासचिव शंकरप्रसाद न्यौपानेले कार्यक्रमको सहजीकरण गरेका थिए। कतारका लागि नेपाल सरकारको तर्फबाट पर्यटन प्रवर्द्धक आर.के शर्मा र संघका संरक्षक डा. देवकाजी डंगोल प्रमुख सल्लाहकार प्रवीण गुरुङले कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल सरकारले वैदेशिक लगानीका लागि सहजीकरण गरिदिनुपर्ने भनाइ राखेका थिए।

# वित्तीय सक्षमताले संघीयतालाई बनाउँछ सफल




**मध्यान्ह संवादाता**
काठमाडौं १८, असोज।

संघीयता सफल बनाउन तल्ला सरकार (प्रदेश र स्थानीय तह) वित्तीय रुपमा सक्षम हुनुपर्ने सरोकारवालाले बताएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको 'नेपालमा संघीयता : वित्तीय दृष्टिकोण' विषयक कार्यक्रममा सहभागीले अहिलेको अवस्थामा संघीयता बलियो बनाएर लैजानुको विकल्प नभएको भन्दै यसका लागि प्रदेश र स्थानीय तहको वित्तीय क्षमता बढाउनु पर्नेमा जोड दिए। अर्थविद् अच्युत वाग्ले अहिले तल्लो सरकारको क्षमता नबढाई अधिकार दिने र दुई वर्ष पछि 'काम गर्न सकेनन' भनेर सोही अधिकार खोस्ने प्रवृत्ति रहेको बताए। यो प्रवृत्ति नियोजित रहेको भन्दै उनले सर्वप्रथम राजनीतिक दल र उनीहरुको नेताको सोचमा संघीयता आउनु जरुरी रहेको बताए।

'अहिले पार्टीहरुमा संघीयताबारे विज्ञ मानिस खै ?' उनी प्रश्न गर्छन, 'उपमेयरलाई बजेट निर्माण र न्यायीक समितिको जिम्मा दिइएको छ, उनीहरु त्यसका लागि कति सक्षम छन् त ?' क्षमता बढाउने भन्नुको मतलव केन्द्रको नेतालाई पैसा खुवाएर मेयर वा अध्यक्षको टिकट लिने खालका क्षमता बढीरहेको भन्दै उनले सोहीकारण स्थानीय तहमा अनियमितताका घटना बढेको बताए।

'अहिले पनि ४९ स्थानीय तहले बजेट बनाउन सकेका छैनन्, जुन तहमा बजेट बनेको छ, त्यो बजेटको स्वरुपमा छैन, बजेट बनाउँदा अपनाउनु पर्ने न्यूनतम सिद्धान्त अपनाइएको छैन,' उनले भने, 'अब हिम्मतका साथ संस्थागत सुधार आवश्यक छ।' संघीयता सबल बनाउन उपलब्धि र कमजोरीको लेखाजोखा गर्ने खालका तथ्यांक चाहिने भन्दै उनले यस पाटोमा पनि नेपाल चुकिरहेको बताए। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले स्थानीय सरकार विकास, शासन, बजेट, राजस्व संकलन र सेवा प्रदान गर्ने छुट्टाछुट्टै युनिट रहेको बताए। सोहीकारण यी यूनिट सफल हुँदा मात्र संघीयता सफल हुने उनले बताए। संविधान बनाउँदा तीन वटै तहका सरकारबीच समन्वय, सहकार्य, सह-अस्तित्वलाई आधार मानेर बनाइएको भन्दै उनले संघीय सरकारले धेरै आय गर्ने र कामको लोड कम गर्ने गरी डिजाइन गरिएको उल्लेख गरे। तल्लो सरकारको कामको तुलनामा आय कम हुने हुँदा त्यसको ब्यालेन्स गर्न अनुदान दिने व्यवस्था गरिएको उनको भनाइ छ।

तल्लो सरकारलाई बढी विश्वास गर्दै समानीकरण अनुदान बढाउने र ससर्त अनुदान घटाउनु पर्ने भन्दै उनले वित्त आयोगले समेत सोही अनुसार सिफारिस गरिरहेको बताए। 'वित्तीय समानीकरण अनुदानको स्रोतले आफ्नो अधिकार क्षेत्रभित्र स्थानीय तहले राम्रोसँग योजना बनाउन सक्छन्,' उनले भने 'उनीहरुको योजनाको अधिकार ससर्त अनुदानका नाममा खोस्नु भएन।' समानीकरण अनुदानमा जोड दिँदा आफ्नो प्राथमिकताका योजना तल्लो सरकारले राख्न सक्न भन्दै ससर्त अनुदान घटाउनु पर्ने बताए। 'समानीकरणको स्कोप बढाउँदा स्थानीय र प्रदेश तहमा विश्वास पनि बढ्दै जान्छ,' उनले भने, 'तर स्थानीय तहमा ससर्त अनुदान बढाइएको छ, योजना केन्द्रबाट तोकिन्छ, यसो हुनुमा स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक नेतृत्वको इन्ट्रेस्टमा तल्लो तहमा काम भइरहेको छ।' उनले पालिकाहरुले आन्तरिक राजस्वमा समेत ठूलो सुधार गरेको भन्दै केही नै नभएको भन्न नमिल्ने बताए। चालु खर्च र पुँजीगत खर्चको तुलना गर्दा विगत बिर्सन नहुने भन्दै संघीयतापछि मात्र चालु खर्च बढेको भन्ने तर्क लगत रहेको उनको भनाइ छ।

समृद्धि फाउण्डेसनमा आबद्ध अनुसन्धानकर्ता यतिन्द्र केसीले अहिले तल्लो सरकारहरुलाई दिइएकै अनुदान प्रभावकारी हुन नसकेको बताए। स्थानीय तहहरुको राजस्व बढ्ने क्रममा रहेको भन्दै उनले जहाँ कमजोरी छ, त्यही बिन्दुबाट सुधार गर्नुपर्नेमा उनले जोड दिएका थिए।

# धितोपत्र बोर्ड अध्यक्षको अन्तर्वार्ता रोकियो




**काठमाडौं/मस** – धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिका लागि आज तय गरिएको अन्तर्वार्ता रोकिएको छ। बोर्डको अध्यक्ष सर्टलिस्टमा परेका बाँकी ३ उम्मेदवारलाई अन्तर्वार्ता तथा कार्ययोजना प्रस्तुत गर्न शुक्रबार सिंहदरबार बोलाइएको थियो। तर, शुक्रबार पनि यी तीन जनाको अन्तर्वार्ता तथा कार्ययोजना प्रस्तुत हुन सकेन। नवराज अधिकारी, चिरञ्जिवि चापागाईं र कृष्णबहादुर कार्कीलाई शुक्रबार अन्तर्वार्ता तथा कार्ययोजना प्रस्तुतिका लागि बोलाइएको थियो।

शुक्रबार अध्यक्ष सिफारिस समितिका संयोजक, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.शिवराज अधिकारी पनि उपस्थित भएनन्। अधिकारी बिरामी परेर अस्पताल भर्ना भएको कारण अन्तरवार्ताता रोकिएको बताइएको छ। सर्टलिस्टमा परेर पनि यसअघि यी तीन उम्मेदवार अन्तर्वार्ता तथा कार्य योजना प्रस्तुतिमा सहभागी नभएपछि गठित सिफारिस समितिले नाम सिफारिस गर्न सकेको थिएन। त्यसपछि सरकारले नयाँ प्रक्रिया शुरु गर्न सिफारिस समिति गठन गरेको थियो।

छनोटको सूचीमा परेका उम्मेदवार सन्तोषनारायणले नयाँ प्रक्रिया शुरु गर्ने कानुनी व्यवस्था नभएको भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। त्यसपछि अदालतले नयाँ प्रक्रिया शुरु नगर्न अन्तरिक आदेश दिएको थियो। अदालतको आदेशपछि पुरानै प्रक्रियाबाट अध्यक्ष नियुक्तिको बाटो खुलेपछि सरकारले फेरि तीन उम्मेदवारलाई अन्तर्वार्ताका लागि बोलाएको थियो। तर, शुक्रबार पनि तोकिएको अन्तर्वार्ता रोकिएपछि बोर्डको अध्यक्ष नियुक्ति प्रक्रिया अनिश्चित भएको छ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई मणिपाल शिक्षण अस्पतालमा छुट




**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंक र नेपाल मणिपाल शिक्षण अस्पताल पोखराबीच ग्लोबल आइएमई बैंकका ग्राहकहरुलाई अस्पतालमा उपलब्ध विभिन्न स्वास्थ्य सेवामा छुट प्रदान गर्ने सहमति पत्रमा हस्ताक्षर सम्पन्न भएको छ। सम्झौताअनुसार अस्पतालले बैंकका डेबिट/क्रेडिट कार्ड एवम् बैंकको मोबाइल एप (ग्लोबल स्मार्ट प्लस) प्रयोगकर्ताहरुलाई स्वास्थ्य सेवाहरुमा न्यूनतम् १० प्रतिशतदेखि शतप्रतिशतसम्मको छुट प्रदान गर्ने भएको हो।

समझदारीमा बैंकको गण्डकी प्रदेश प्रमुख सुशोभन देबकोटा र अस्पतालका प्रमुख कार्यकारी अधिकृत अनिल ओडूविलले हस्ताक्षर गरेका छन्। छुट सुविधाका लागि सेवाग्राहीले अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरु उपभोग गर्न बैंकको डेबिट तथा क्रेडिट कार्ड वा मोबाईल बैंकिङको प्रयोग गरी बिल भुक्तानी गर्नुपर्नेछ। अस्पतालमा बैंकका ग्राहकहरुले दर्ता शुल्कमा सय प्रतिशत, अस्पतालको सामान्य शैया शुल्कमा २५ प्रतिशत, नियमित जाँचमा १५ प्रतिशत र शल्यचिकित्सा (अपरेसन) तथा विशेष परीक्षण शुल्कमा १० प्रतिशत छुट पाउनेछन्। बैंकका ग्राहकहरुलाई डाक्टरको परामर्शमा भने कुनै शुल्क लाग्ने छैन।

आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ। ग्लोबल आइएमई बैंक युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंक हो। साथै, ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा समेत ग्लोबल आइएमई बैंक सम्मानित भएको छ।

# गुडविल फाउण्डेसनले दियो बाढी पीडितलाई राहत सामग्री

**काठमाडौं/मस** – चिनियाँ गैरसरकारी संस्था गुडविल फाउन्डेसनले बागमती नदीमा बाढीबाट प्रभावित बासिन्दालाई सहयोग गरेको हो। फाउन्डेसनले चाइना फाउण्डेसन फर रुरल डेभलपमेन्ट (सीआरडीएफ)को सहयोगमा राहत सामग्री वितरण गरेको हो।




'चुनौतीहरुको सामूहिक सामना गर्दै, सँगसँगै कष्टहरू पार गरौं' नामक राहत अभियानअन्तर्गत सीआरडीएफका कर्मचारीहरुले काठमाडौंको बाढिपीडितहरुलाई राहत प्याकेज वितरण गरेका छन्। राहत प्याकेजमा दैनिक प्रयोग हुने सामाग्रीहरु टुथपेस्ट, टुथब्रस, तौलिया र साबुन, पानी भण्डारणका लागि बाल्टिन र गाग्री, महिलाहरुका लागि सेनेटरी प्याड, आपतकालीन खाद्यसामग्री (चामल, पीठो, तेल, र कम्प्रेस्ड बिस्कुट), तथा तातोपन र लामखुट्टेबाट बच्नको लागि सिरक, डसना, सिरानी र झुल समावेश छन्।

गुडविल फाउन्डेसन लामो समयदेखि नेपालमा जनहितका परियोजनाहरुमा संलग्न रहँदै आएको जनाएको छ। साथै फाउन्डेसनले विशेष गरी बेरोजगार युवाहरुलाई रोजगारी प्रवर्द्धन गर्न र उनीहरुको जीवनस्तर सुधार गर्न सीप प्रशिक्षणमा सहयोग पुऱ्याउँदै आएको दाबी गरेको छ।

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नागरिक लगानी कोषको ५१ लाख सहयोग



**काठमाडौं/मस** – प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नागरिक लगानी कोषले ५१ लाख रुपैयाँ सहयोग गरेको छ। हालै मुलुकभर आएको अविरल वर्षासँगै गएको बाढीपहिरोमा भएको क्षतिमा राहत उपलब्ध गराउने उद्देश्यले कोषले उक्त सहयोग गरेको हो।

शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई कोष सञ्चालक समितिका अध्यक्ष प्राडा सूर्यबहादुर थापा र कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले उक्त सहयोग रकमको चेक हस्तान्तरण गरे। उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको नाममा जम्मा गरिएको छ। चेक हस्तान्तरण कार्यक्रममा प्रधानमन्त्री ओलीले प्रधानमन्त्री दैवी प्रकोप कोषमा बाढीपहिरो पीडितलाई आर्थिक सहयोग गरेकामो कोषलाई धन्यबाद दिए।

यही असोज ११ र १२ गते देशका विभिन्न भू-भागमा परेको अविरल वर्षाका कारण बाढीपहिरो तथा डुबानबाट उत्पन्न असहज अवस्थालाई सहयोग पुऱ्याउन कोषले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रदान गरेको हो। सो भन्दा अघि पनि कोषले सामाजिक उत्तरदायित्व अन्तर्गत आर्थिक र भौतिक सहयोग गर्दै आइरहेको छ।

# मातृभूमि लघुवित्तको शेयर रजिष्ट्रारमा कुमारी क्यापिटल

**काठमाडौं/मस** – मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड र कुमारी क्यापिटल लिमिटेड बीच शेयर रजिष्ट्रार सम्बन्धी सम्झौता भएको छ। मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद शर्मा र कुमारी क्यापिटल लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले उक्त सम्झैतामा सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए।

मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड — MatriBhumi Laghubitta Bittiya Sanstha Ltd.
कुमारी क्यापिटल लिमिटेड — Kumari Capital Limited — Invest for your Future

सम्झौतासँगै अब मातृभूमिको धितोपत्र कारोबार सम्बन्धी अभिलेख राख्ने, शेयर दाखिल खारेज गर्ने, नामसारी गर्ने र शेयरधनीहरुको लगत अद्यावधिक गरी राख्ने सम्बन्धी सम्पूर्ण कार्यहरु कुमारी क्यापिटलले कार्तिक १ गते देखि उपलब्ध गराउने छ।

नेपाल सरकार
भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय उदयपुर**
गाईघाट, (बोक्से)

**मालपोत कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको मोही लगत कट्टा हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८१/०६/१९

*जिल्ला उदयपुर बेलका नगरपालिका वडा नं. ५ बस्ने उमेश कार्कीले मेरो नाममा दर्ता श्रेस्ता कायम भएको जि. उदयपुर गा.वि.स. रा.पा.ठो. वडा ८ क कि.नं. ७२५ ज.वि.०-१-४.२५ कि.नं. ७२६ ज.बि. ०-०-५.७५ जग्गामा मोही दल बहादुर खड्का क्षेत्री भए तापनि सो जग्गा म. आफैंले जोतभोग गरि कमाउँदै आएको, मोही र मोहीका हकवाला हालसम्म यो जग्गामा मोही छु भनि हकदावी गर्न नआएकोले, मोही र मोहीका हकवाला खोजतलास गर्दा कहिं कतै फेला नपरी बेपत्ता भएको हुँदा सो जग्गाको मोही लगत कट्टा गरि पाउँ भनि यस कार्यालयमा दिएको निवेदन सम्बन्धमा वेलका न.पा. ५ नं. वडा कार्यालयमार्फत म्याद तामेल गर्न पठाएकोमा समेत मोही र मोहीका हकवाला पत्ता नलागेको भनि जानकारी आएको हुँदा सो जग्गामा मोही वा मोहीका हकवाला कोही भए वा सो जग्गाको मोही लगत कट्टा गर्न नपर्ने कुनै कारण, प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र स-प्रमाण दाबी उजुरी गर्न आउनुहोला। अन्यथा सो जग्गाको मोही लगत कट्टा भई जाने व्यहोरा सूचित गरिन्छ। इति सम्बत् २०८१ साल भदौ महिना ३० गते रोज ०१ शुभम्।*

**छथर जोरपाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
जोरपाटी, धनकुटा
कोशी, प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशय पत्र सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति: २०८१/०६/१९

यस कार्यालयको मिति २०८१/०५/०४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका एवं https:/www.bolpatra.gov.np/egp मा प्रकाशित IFB/REP/EOI/PQ No.:02/CJRMUN/NCB/081/82 अनुसार Single Stage Double Envelope अन्तरगत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिका लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सूचना नं. | कामको बिबरण | बोलपत्र दाताको नाम, ठेगाना | कबोल गरेको अंक (मु.अ.कर तथा प्रोभिजनल सम समेत) |
|---|---|---|---|
| 02/CJRMUN/NCB/081/82 | Asphalt Concrete Work Along TrishuleHattikharka Road II | Bikash-Pragatishil- Numa J.V.,Mechinagar-10, Jhapa | रु २,१६,७६,६५५.७१ अक्षरेपी दुई करोड सोह्र लाख छयत्तर हजार छ सय पच्चन्न पैसा एकहत्तर मात्र। |

# विश्व कराते च्याम्पियनसिपमा एरिकाले खेल्ने

**काठमाडौं/मस–** नेपाली कराते स्टार एरिका गुरुङले १३ औं विश्व कराते च्याम्पिन्सिपमा प्रतिस्पर्धा गर्ने भएकी छिन्। असोज २३ देखि २७ गतेसम्म इटालीको भेनिसमा हुने प्रतियोगितामा नेपालबाट सहभागी हुने एरिका एक्ली खेलाडी हुन्।

प्रतियोगितामा सहभागी हुने एरिकासहित ४ सदस्यीय नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल कराते महासंघका अध्यक्ष युवराज लामा र महासचिव दावा गुरुङले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरे। सोही अवसरमा जितेन्द्रमान गुरुङ र विशाल चौलागाईंले प्रायोजन गरेको किट्स र ट्र्याकसुट पनि टोलीलाई हस्तान्तरण गरिएको थियो। टोली शनिबार प्रस्थान गर्ने छ।

एरिकाले यु-२१ उमेरसमूहको महिला ६८ केजीमाथि तौलसमूहमा नेपालको चुनौती प्रस्तुत गर्ने छिन्। एरिकाको खेल असोज २३ मै छ। यो स्पर्धाको सेमिफाइनल र फाइनल असोज २७ गते हुनेछ। क्याडेट र जुनियरको पनि प्रतिस्पर्धा हुने प्रतियोगितामा १ सय १३ राष्ट्रका १ हजार ९ सय ९५ खेलाडीको सहभागिता रहने टोलीका प्रशिक्षक समेत रहेका १० औं दक्षिण एसियाली खेलकुद (साग) का




स्वर्णधारी कुशल श्रेष्ठले जनाएका छन्। अफिसियलमा तारा गुरुङ र सन्तोष श्रेष्ठ रहेका छन्। एरिकाको यो समग्रमा छैटौं अन्तर्राष्ट्रिय प्रतियोगिता हुनेछ। विगतका पाँचै अन्तर्राष्ट्रिय प्रतियोगितामा एरिकाले नेपाललाई समग्रमा ८ पदक दिलाएकी छन्। त्यसमा ४ स्वर्ण, ३ रजत र १ कांस्य छ। एरिकाले यो सफलता १ वर्षको छोटो अवधिमा हासिल गरेकी छन्।

एरिकाले इन्डोनेसियाको जकार्तामा भएको १० औं विश्व सितोरियो कराते च्याम्पिन्सिपमा स्वर्ण र कांस्य जितेकी थिइन्। विदेशमै गएर खेलेको एरिकाको यो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता हो। त्यस्तै, एरिकाले १९ औं एसियाली खेलकुदमा रजत, अमेरिकाको टेक्सासमा भएको युएस ओपन करातेमा स्वर्ण र रजत, भुटानको थिम्पुमा भएको आठौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा २ स्वर्ण र चीनको हाङझाउमा भएको २० औं एसियाली सिनियर कराते च्याम्पिन्सिपमा रजत जितेकी छन्। एसियाली खेलकुद र एसियाली सिनियर करातेमा एरिकाले जितेको रजत नेपाली करातेको इतिहासमा हालसम्म कुनैपनि खेलाडीले जित्न सकेका छैनन्। एरिकाले यि सबै प्रतियोगितामा पदक जित्दा कुशलनै प्रशिक्षकको भूमिकामा थिए।

कार्यक्रममा सदस्य-सचिव घिसिङले रणनीतिक तयारीअन्तर्गत एरिकाले सहभागी हुने कुनैपनि अन्तर्राष्ट्रिय प्रतियोगिता र तालिमका लागि राखेपले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सफलताका लागि शुभकामना दिए। अध्यक्ष लामाले करातेले एसियाली स्तरमा नेपालले पदक जितेर इतिहास रचिसकेको बताउदै नेपालले करातेको विश्व च्याम्पियनसिपमा नजितेको पदक एरिकाबाट सम्भव हुने विश्वास व्यक्त गरे।

# सिस्नेरी पहिरोमा ज्यान गुमाएका खेलाडीका परिवारलाई आर्थिक सहयोग

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, १८ असोज

गत शनिबार इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत पर्ने सिस्नेरी खोलाको पहिरोमा परि ज्यान गुमाएका एन्फा एकेडेमीका ६ जना प्रशिक्षार्थी खेलाडीका परिवारलाई एनआरएनए मलेसियाले आर्थिक सहयोग गर्ने निर्णय गरेको छ।

एनआरएनए मलेसियाले प्राकृतिक विपत्तिमा परि ज्यान गुमाउने प्रशिक्षार्थी खेलाडीहरूको परिवारजनप्रति समवेदना व्यक्त गर्दै जनही एक लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो।

पहिरोमा परी मकवानपुरका अनुप घलान, दिवस बानिया र साइमन योञ्जन, काठमाडौंका रियान्स आचार्य, सर्लाहीका आदित्य बलम्पाकी र बाराका विकल रेग्मीको निधन भएको थियो।

एनआरएनए मलेसियाका कोषाध्यक्ष बालध्वज लिम्बू खेलाडीहरूको निधनले अत्यन्त दुखित बनाएको बताउँदै केही दिनमै नेपाल गएर एन्फाका उपाध्यक्ष दावा लामासँगको समन्वयमा मृतक खेलाडीका परिवारलाई सहयोग रकम हस्तान्तरण गर्ने जानकारी दिए।

कोषाध्यक्ष लिम्बूले अन्य बाढी प्रभावित क्षेत्रमा समेत एनआरएनए अन्तर्राष्ट्रिय समन्वय समिति सँगको सहकार्यमा मलेसियाले सहयोग गर्ने तयारी गरिरहेको बताए।

# एसिया रग्बीमा नेपालको पुरुष टिम पराजित



**काठमाडौं/मस–** एसिया रग्बी इमिरेट्स सेभेन्स ट्रफी-२०२४ मा नेपालको पुरुष टिम बहराइनसँग पराजित भएको छ। त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा शुक्रबार भएको पुरुषतर्फको खेलमा नेपाल बहराइनसँग ७-२७ को स्कोरमा पराजित भएको हो।

